# मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय पाठ्यक्रम**
**तथा मुल्याङ्कन विभाग अन्तरगत स्नातकोत्तर तह**
**(एम.एड.) दोस्रो वर्षको (Ed.598) आंशिक**
**आवश्यकता पूरा गर्नको**
**लागि प्रस्तुत**

# शोधपत्र


**शोधकर्ता**
कमला शिवाकोटी
परीक्षा रोल नं. २१८००२५
कक्षा रोल नं. १०८
त्रि.वि. दर्ता नं. ३३८३-८६
**जनता बहुमुखी क्याम्पस**
पाठ्यक्रम तथा मुल्याङ्कन विभाग
इटहरी सुनसरी

**२०७०**

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

पाठ्यक्रम तथा मुल्याङ्कन विभाग

# जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, पाठ्यक्रम तथा मुल्याङ्कन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको छात्रा कमला शिवाकोटीले **मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निक्कै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. जनता बहुमुखी क्याम्पस इटहरी, पाठ्यक्रम तथा मुल्याङ्कन विभागसमक्ष सिफारिश गर्दछु ।

मिति :- वि.सं. २०७०/१२/२७

**टोलनाथ काफ्ले**

(उप-प्राध्यापक)

पाठ्यक्रम तथा मुल्याङ्कन विभाग

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

पाठ्यक्रम तथा मुल्याङ्कन विभाग

# जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

## स्वीकृति पत्र

स्नातकोत्तर तहको छात्रा कमला शिवाकोटीद्वारा प्रस्तुत गरिएको **मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको स्नातकोत्तर तहको ED 598 आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको शोधपत्रलाई स्नातकोत्तर उपाधिका निमित्त स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | नाम,पद | हस्ताक्षर |
|---|---|---|
| विभागीय प्रमुख | **टोलनाथ काफ्ले**<br>................<br>पाठ्क्रम तथा मुल्याङ्कन विभाग<br>जनता बहुमुखी क्याम्पस, इटहरी | |
| बाह्य परीक्षक | ..........................<br>.........................<br>...................<br>................ | |
| शोध निर्देशक | **टोलनाथ काफ्ले**<br>................<br>पाठ्क्रम तथा मुल्याङ्कन विभाग<br>जनता बहुमुखी क्याम्पस, इटहरी | |

मिति : २०७०।१२।......

# कृतज्ञता ज्ञापन

त्रि.वि.वि. शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको अध्ययन पूरा गर्न गरिएको शोधकार्य प्रतिवेदन प्रस्तुत गरेको छु । यो प्रतिवेदनले यस विषयमा भविष्यमा अध्ययन गर्न चाहने तथा नयाँ विद्यार्थीहरुलाई केही मात्रामा भए पनि सहयोग पुग्ने अपेक्षा गरेको छु ।

सैद्धान्तिक ज्ञानले मात्र प्रभावकारी र सफाल सिकाइ हुन नसक्ने तथ्यलाई मध्यनजर गरेर विद्यार्थीहरुमा व्यवहारिक र प्रयोगात्मक सीप विकास गर्नका लागि यो प्रयोगात्मक कार्य व्यवस्था गर्ने शिक्षाशास्त्र संकायप्रति आभार प्रकट गर्दछु । यस कार्यभर आवश्यक निर्देशन र सुझाव प्रदान गरी मार्गदर्शन गरिदिनुहुने शोध निर्देशक आदरणीय गुरु टोलनाथ काफ्लेप्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अध्ययन अनुसन्धान प्रतिवेदन तयार पार्न हर सम्भव सहयोग गर्नुहुने मेरा सहकर्मी श्रद्धेय शिक्षक श्री पूर्णप्रसाद गौतमज्यू, छत्रबहादुर तामाङ्गज्यू र जि.शि.का. इलामका उपसचिव गेहेन्द्र दाहालज्यू प्रति सहयोगका लागि धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यको लागि सूचना संकलनको क्रममा खुल्ला प्रश्नावली, अन्तरवार्ता तथा कक्षा अवलोकनमा सहभागी भई सहयोग पुऱ्याइदिनुहुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै यस शोधपत्रलाई टङ्कण गरी सहयोग पुऱ्याएकोमा इलाम डेक्सटपका पूर्णीमा थेवेमा मुरी मुरी धन्यवाद ।

**शोधार्थी**

कमला शिवाकोटी

मिति :- २०७०।१२।२७

# शोधसार

नेपालमा २०४७ सालको संविधान लागू भएपछि नेपालमा बसोबास गर्ने प्रत्येक भाषिक समुदायका बालबालिकाले आ-आफ्नो मातृभाषामा प्राथमिक तहसम्मको शिक्षा लिन पाउने मौलिक हक अन्तरगत धेरै प्राथमिक विद्यालयहरुले मातृभाषाामा शिक्षा दिन प्रारम्भ गरे । मातृभाषामा शिक्षा दिने सो व्यवस्थालाई कार्यान्वयन गरे पश्चात यसको अवस्था कस्तो रह्यो भन्ने सन्दर्भमा इलाम जिल्लामा प्रचलनमा रहेका मातृभाषाहरु मध्ये ८ वटा भाषामा शिक्षा दिने अभिप्रायले जिल्ला शिक्षा कार्यालय इलामबाट अनुमति लिई सञ्चालनमा रहेका विद्यालयहरु मध्ये प्रत्येक मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्ने १/१ वटा विद्यालय छनौट गरी यो अनुसन्धान गरिएको छ ।

यो अनुसन्धानको क्रममा मातृभाषाको पाठ्यक्रम लागू गरी शिक्षण गरिरहेका छनौटमा परेका विद्यालयहरुमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई अध्ययन गर्दा राष्ट्रिय स्तरबाट प्रकाशन भएका मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवस्थित रुपमा वितरण र प्रयोग गरेको पाइएता पनि राष्ट्रिय स्तरमा निर्माण नभएका मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको सम्पूर्ण जिम्मेवारी सो भाषाको विषय लागू गर्ने विद्यालयले नै लिनुपर्ने बाध्यात्मक अवस्था रहेको र विद्यालयलाई आवश्यक पर्ने आर्थिक, प्राविधिक सहयोग प्राप्त नहुने भएकोले विषय शिक्षक आफैंले व्यवस्था गर्नु परेको देखियो । तर यस्ता विद्यालयमा शिक्षकले आफू खुसी विषयवस्तु छनौट गरी पाठ्यसामग्री बिना नै पठनपाठन गर्ने गरेकाले विद्यार्थीहरुलाई समस्या रहेको पाइएको छ । मातृभाषाका शिक्षकहरु पनि विद्यालयमा उपलब्ध शिक्षकबाट नै व्यवस्था गर्नुपरेकोले विद्यालयमा थप भार परेको अध्ययनका क्रममा महशुस गरियो । विद्यालयमा बहुसंख्यक विद्यार्थीहरुले बोलचालमा प्रयोग गर्ने मातृभाषालाई छनौट गर्दा अन्य मातृभाषी विद्यार्थीका लागि बोझ हुने र उनीहरुका लागि वैकल्पिक व्यवस्था नगरिएकाले अभिभावकहरु समेत असन्तुष्ट रहेको पाइएको छ ।

भाषाको अधिकार संरक्षण गर्ने नाममा एउटा भाषिक समुदायको अधिकार संरक्षण गर्दा अन्य भाषिक समुदायलाई पर्न जाने वैकल्पिक व्यवस्था नगर्दा यो अधिकार लादिएको जस्तो देखिन्छ । मातृभाषाको पाठ्यक्रम लागू गर्दा एकै मातृभाषी समुदायका लागि सबै विषय मातृभाषामा नै शिक्षण गर्ने गरी क्षेत्रगत रुपमा यस्ता विद्यालयहरु स्थापना गर्नु उचित हुने थियो ।

कुनै मातृभाषी समुदायका बालबालिकाहरुले बोल्ने भाषालाई सिकायमा सहजीकरण गर्न माध्यमको रुपमा उपयोग गर्दा बढी लाभप्रद हुनेथियो । मातृभाषालाई संरक्षण, संवर्द्धन र विकास गर्नका लागि प्राथमिक तहमा माध्यमका रुपमा र माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कार्यान्वयन गर्नु अहिलेको व्यवस्थाभन्दा उचित हुनेथियो । कुनै मातृभाषाको पाठ्यक्रम लागू गर्दा सो मातृभाषा बोल्ने बालबालिकाभन्दा अन्य मातृभाषी बालबालिकाका लागि अभिभावकको चाहना र अहिलेको समयको माग अनुरुप अंग्रेजी भाषालाई प्राथमिकता दिइनु आवश्यक देखिएको छ ।

# विषय सूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | iv |
| विषय सूची | | vi |
| **परिच्छेद एक** | | **१-८** |
| **मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था** | | **१** |
| | परिचय | १ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३. | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ | अध्ययनको परिसिमा | ७ |
| **परिच्छेद-दुई** | | **९-१४** |
| २. | सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.१ | सैद्धान्तिक खाका | ९ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोन | १२ |
| **परिच्छेद-तीन** | | **१५-१८** |
| **अध्ययन विधि** | | **१५** |
| ३.१ | अनुसन्धान ढाँचा | १५ |
| ३.२ | नमुना छनौट प्रकृया र नमुना जनसंख्या | १५ |
| ३.३ | नमूनाको आकार र नमूना छनौट विधि | १६ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | १६ |
| ३.४.१ | प्राथमिक स्रोत | १६ |
| ३.४.२ | सहायक स्रोत | १७ |

| | | |
|---|---|---|
| ३.५ | तथ्याङ्क संकलनका साधनहरु | १७ |
| ३.५.१ | अन्तरवार्ता | १७ |
| ३.५.२ | प्रश्नावली | १७ |
| ३.५.३. | कक्षाकोठा अवलोकन | १७ |
| ३.५.४ | दस्तावेज अध्ययन | १७ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रकृया | १८ |
| **परिच्छेद-चार** | | **१९-३९** |
| **तथ्यांकको व्याख्या र विश्लेषण** | | **१९** |
| ४.१ | मातृभाषा पाठ्यक्रमको आवश्यकता | १९ |
| ४.२ | मातृभाषाको पाठ्यक्रम सम्बन्धि बर्तमान नीतिगत व्यवस्था | २२ |
| ४.३ | मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था | २५ |
| ४.४ | मातृभाषाको पाठ्यक्रम कार्यान्वयनका समस्याहरु | ३३ |
| ४.५ | मातृभाषाको पाठ्यक्रम कार्यान्वयमा देखिएका समस्याको समाधान | ३६ |
| **परिच्छेद पाँच** | | **४०-४७** |
| **प्राप्ति, निष्कर्ष र सुझावहरु** | | **४०** |
| ५.१ | प्राप्ति | ४० |
| ५.२ | निष्कर्ष | ४३ |
| ५.३ | सुझाव | ४५ |
| | सन्दर्भ सूची | |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा प्रत्येक मानिसको व्यक्तित्व विकासको आधारशिला हो । शिक्षाले मानिसको सर्वाङ्गिण विकास गराई स्वावलम्बी एंव नैतिकवान् चरीत्रको विकास गर्ने भएकोले मानव विकासको पूर्णता शिक्षामा निर्भर गर्दछ । तसर्थ शिक्षालाई मानिसको सम्पूर्णताको पहिचानको रुपमा पनि परिभाषित गरिएको छ । व्यक्ति, समाज र राष्ट्रको आवश्यकता पूरा गर्न र देशको समग्र उन्नति गर्नका लागि आवश्यक पर्ने मानव संशाधनको विकास र सक्षम एंव अनुशासित जनशक्ति निर्माण गर्न शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपाल बहु विविधतायुक्त राष्ट्र हो । भाषिक र साँस्कृतिक रुपमा समेत नेपाल विविधतायुक्त राष्ट्र हो । नेपालको सरकारी कामकाजको भाषा नेपाली भएपनि नेपालका सबै मातृभाषाहरुले संबैधानिक मान्यता प्राप्त गरिसकेका छन् । नेपाल बहुभाषिक, बहुसाँस्कृतिक राष्ट्र भएकाले यहाँ हरेक जातजातिका आ-आफ्नै भाषा, भेषभूषा तथा सँस्कृति छन् । कहिँ एकल भाषी समुदायको बाहुल्यता पाइन्छ भन्ने कहिँ मिश्रित भाषाको समुदाय पाइन्छ । यस विविधताभित्र शिक्षाको पहुँच र विस्तार गर्दै शिक्षित व्यक्तित्व विकास गर्न भाषागत समस्याका कारण उत्पन्न हुन सक्ने समस्यालाई न्यूनिकरण गरी मातृभाषामा शिक्षा पाउनुपर्ने बालबालिकाको नैसर्गिक अधिकार रहेकै कुरालाई सबै राष्ट्रले स्वीकारेको सन्दर्भमा हाम्रो देशले पनि विद्यमान संविधान, शिक्षा ऐन तथा शिक्षा सम्बन्धि विभिन्न दस्ताबेजहरुमा आधारभूत तह सम्मको शिक्षा मातृभाषामा दिन सकिने प्रावधानको व्यवस्था गरेको छ ।

सामान्य अर्थमा मातृभाषा भन्नाले आमाले बोल्ने भाषा मान्ने गरिन्छ । यो परिभाषा मातृभाषाको संकुचित परिभाषा हो । व्यापक अर्थमा मातृभाषा भन्नाले मानिसको चेतनाको विकास हुँदाको बखतदेखि आएको भाषा र सो भाषासँग सम्बन्धित कला, संस्कृति, सस्कार आदिलाई जनाउँछ । यस अर्थमा मातृभाषा एक विज्ञान र परम्परा समेत हो, जसले व्यक्तिलाई जीवन निर्वाह गर्न सहयोग पुऱ्याउँदछ (थाम्सुहाङ्ग २०५६) ।

मातृभाषा भन्नाले आफ्नो घर परिवार, समुदाय, संस्कृति र सामाजिक परिवेश मिल्ने, रहन सहन, भेषभूषा एक भएका समुदायहरुले एक अर्कामा गर्ने एक प्रकारको संचार माध्यमलाई जनाउँदछ, जसले सो  क्षेत्रका जातजातिहरुलई एकताको सुत्रमा बाँधेको हुन्छ भन्ने जनाउँदछ (थेगिम, २०६२) ।

बालबालिकाहरुको पहिलो भाषाको रुपमा रहेको मातृभाषाको माध्यमबाट शिक्षा दिंदा विद्यार्थीहरुलाई सिकाइमा अत्यन्त सहजता हुने भएपनि २०४६ सालको प्रजातन्त्र पुनः प्राप्ति भन्दा अघि औपचारिक शिक्षामा मातृभाषाको प्रयोग भएको पाईदैंन । वि.सं. २०४६ सालपछिको नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संक्षम र सम्बर्द्धन गर्नुका साथै प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न सक्ने अधिकारको व्यवस्था गरेको र अन्तरीम संविधान २०६३ ले पनि आधारभूत शिक्षा मातृभाषामा पाउने कुरालाई मौलिक हकको रुपमा स्थापित गरिसकेको छ । यसै अनुरुप शिक्षा ऐनमा पनि प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरिएको छ । प्राथमिक पाठ्यक्रम २०४९, राष्ट्रिय भाषा नीति सुझाव आयोग २०५० को प्रतिवेदन र नेपालको अन्तरीम संधिवान २०६३ समेतलाई आधार मानी पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहको लागि केही मातृभाषाको पाठ्यक्रम र केही मातृभाषाका पाठ्यपुस्तक समेत विकास गरिसकेको छ ।

हाल शिक्षामा समावेशीकरणको मुद्दा विश्वव्यापी रुपमा बढ्दै गैरहेको सन्दर्भमा सबैको लागि शिक्षा सहश्राव्दि विकास लक्ष्यले विद्यालयीय शिक्षामा समावेशीकरणको नीति अवलम्बन गर्ने कुरालाई विशेष महत्वका साथ स्थान दिएको पाइन्छ । समावेशीकरणको यहि नीति अनुरुप शैक्षिक व्यवस्थापन विकेन्द्रीकरण, पाठ्यक्रम निर्माणमा विकेन्द्रंकीकरण, पाठ्यक्रमको स्थानीयकरण जस्ता कुराहरु शिक्षा योजना तथा व्यवस्थानमा प्राथमिकतामा पर्न थालेको पाइन्छ । नेपालको विद्यमान कानूनी प्रावधानले मातृभाषाका सम्बन्धमा गरेको व्यवस्था अन्तर्गत स्थानीय निकायले मातृभाषामा शिक्षण गर्ने प्राथमिक विद्यालय खोल्न पाउने व्यवस्था सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐनले गरेको छ । त्यसै गरी शिक्षा ऐन नियामवलीले पनि मातृभाषामा प्राथमिक विद्यालय सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ ।

एक्काइसौं शताब्दी विश्व व्यापीकरणको युग हो । यति हुँदाहुँदै पनि राष्ट्रियता, जातीय बैशिष्ट्यता, भाषा, संस्कृति, मौलिकता आदिको पहिचानका लागि आन्दोलन भैरहेको सन्दर्भमा नेपालमा बालबालिकाको शैक्षिक उपलब्धी र मातृभाषामा शिक्षाको बीचमा सकारात्मक एंव महत्वपूर्ण सम्बन्ध रहेको देखिन्छ । संबैधानिक कानुनी र नितिगत व्यवस्था अनुरुप पनि प्राथमिक तह सम्मको शिक्षा मातृभाषामा दिन पाउने व्यवस्था भएकोले राज्यले प्राथमिक शिक्षामा मातृभाषाको महत्वलाई आत्मसात गरेको छ । अब प्रश्न उठ्छ के व्यवहारमा कार्यान्वयन भएको छ ? कक्षा कोठामा प्रयोग हुने भाषामा नेपाली भाषाको

अत्याधिक प्रचलन रहने गरेको पाइन्छ । यसले गर्दा नेपाली भाषा मातृभाषा नभएका बालबालिकाहरुको सिकाइको आवश्यकता सम्बन्धमा सरोकारवालाहरुले खासै चासो नलिएको जस्तो देखिन्छ । यसै सन्दर्भमा सन् १९९७ मा कक्षा ३ को राष्ट्रिय स्तरमा गरिएको राष्ट्रिय मूल्याङ्कनले के देखाएको छ भने माथिल्लो अङ्क प्राप्त गर्ने १० जना विद्यार्थीहरुको मातृभाषा नेपाली रहेको थियो भने सबभन्दा कम तलका अङ्क प्राप्त गर्ने १० जना विद्यार्थीहरुको मातृभाषाको नतिजा पश्चात् के देखिन आयो भने विद्यार्थीहरुको घरमा बोलिने भाषा र तिनीहरुको शैक्षिक उपलब्धी स्तर बीच प्रत्यक्ष सम्बन्ध रहेको छ । (सिन्हा, २०६३)

राष्ट्रिय जनगणना २०६८ ले नेपालमा १०९ जनजाति र ९२ प्रकारका भाषा बोलिने उल्लेख गरेको छ । यस्तो अवस्थामा घरमा बोलिने भाषा एक र बिद्यालयमा शिक्षण सिकाइमा प्रयोग हुने भाषा अर्कै हुने अवस्था छ । जसको परिणाम स्वरुप एकातिर शैक्षिक उपलब्धी स्तर प्रति विकर्षण बढ्नुका साथै कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने क्रम बढ्दो हुन जाने परिस्थति सिर्जना भई शैक्षिक क्षेत्रको विकासमा ठूलो समस्या उत्पन्न हुँदै गएको पाइन्छ । यो चुनौति सामना गर्न मातृभाषामा शिक्षा छोड्ने क्रम बढ्दो हुन जाने परिस्थिति सिर्जना भई शैक्षिक क्षेत्रको विकासमा ठूलो समस्या उत्पन्न हुँदै गएको पाइन्छ । यो चुनौति सामना गर्न मातृभाषामा शिक्षालाई उचित सम्बोधन गर्नुपर्ने देखिन्छ । मातृभाषाको पठनपाठनको लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक पाठ्यसामग्री तथा शिक्षकको व्यवस्था गर्नुपर्ने आजको मुख्य आवश्यकता र समस्या पनि रहेको छ । पाठ्यक्रम र पाठ्य सामग्रीको आवश्यकतालाई पूरा गर्न राष्ट्रिय स्तरमा केहि विषयका पाठ्यपुस्तक प्रकाशन भैरहेको र पाठ्यसामग्रीको विकास गर्न स्थानीय तहमा विद्यालय स्वयंमले स्थानीय सरोकारवालाहरुको सहयोगमा सानो किताबा वा ठूलो किताब तयार गरी प्रयोगमा ल्याउन सकिने प्रावधान विद्यमान पाठ्यक्रमले व्यवस्था गरेको छ । त्यस्तै मातृभाषामा शिक्षणका लागि आवश्यक पाठ्यक्रम तथा पाठ्यसामाग्री स्रोतकेन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाट निर्माण गरी कार्यान्वयन गर्न सकिन्छ । विद्यालय तहको पाठ्यक्रम २०४९ ले प्राथमिक तहको हकमा ४ पाठ्यभार १०० पूर्णङ्कको ऐच्छिक विषयको रुपमा मातृभाषाको व्यवस्था गरेको थियो भने राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले स्थानीय आवश्यकतामा आधारित शिक्षाको रुपमा मातृभाषामा शिक्षा प्रदान गर्नका लागि स्थानीय पाठ्यक्रम अन्तर्गत ४ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषाको पाठ्यक्रम निर्माण गरी आधारभूत तहसम्म लागू गर्न पाइने व्यवस्था गरे बमोजिम केहि

सकृय भाषिक समुदायले स्थानीय विषयको रुपमा मातृभाषामा शिक्षा प्रदान गर्ने लहर आएको देखिन्छ ।

यसरी नेपालको संबैधानिक, कानूनी, नीतिगत व्यवस्थाका साथै सबैका लागि शिक्षा सम्बन्धि डकार सम्मेलनले तय गरेका लक्ष्यका अतिरिक्त सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपालले मातृभाषामा शिक्षा दिने कुरामा जोड दिए अनुसार सबै भाषिक समुदायको शिक्षामा पहुँचको सुनिश्चितता गर्ने अभिप्रायका साथ हाल नेपालका केहि जिल्लाहरुमा प्रचलित स्थानीय भाषा वा मातृभाषामा शिक्षा दिने व्यवस्थालाई कार्यरुप प्रदान गर्न प्राथमिक तहको लागि निम्नानुसारका मातृभाषाका पाठ्यपुस्तकहरु पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरी प्रयोगमा ल्याई सकिएका छन्:-

| क्र.सं. | मातृभाषा | पाठ्यपुस्तकको नाम | कक्षा |
|---|---|---|---|
| १ | लिम्बू | अनिपान | १-५ |
| २ | तामाङ्ग | ह्यला ग्योर | १-५ |
| ३ | नेवारी | लुटिहि/नेवारी | १-५ |
| ४ | मैथलि | हमार मैथिली पोथी/मैथिली | १-५ |
| ५ | भोजपुरी | हमार भोजपुरी भाषा | १-५ |
| ६ | अवधि | हमार अवधि भाषा | १-५ |
| ७ | थारु | हमार थारु | १-५ |
| ८ | राई वान्तवा | आनफङ | १-५ |
| ९ | मगर | कानुङ्ग मगर ढुट | १-५ |
| १० | गुरुङ्ग | तमुक्यो | १-४ |
| ११ | शेर्पा | शेर्पा भाषा | १-३ |
| १२ | राई चाम्लिङ्ग | चाम्लिङ्गला | १-२ |

स्रोतः- पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

राष्ट्रिय स्तरमा उत्पादन गरिएका आवश्यकता अनुसार मातृभाषाका पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र प्रयोग गर्न सकिने नीतिगत व्यवस्थाका बाबजुद कतिपय भाषिक समुदायका आफ्नो लिपिको खोजी हुन नसकेकाले पाठ्य सामाग्री निर्माण गरी शिक्षण गर्न कठिनाई भैरहेको र यस्तो अवस्थामा मातृभाषामा शिक्षाको आवश्यकता र यस्तो अवस्थामा मातृभाषामा शिक्षाको आवश्यकता जतिसुकै टट्कारो भएपनि पाठ्यसामग्रीको अभाव, भाषा

शिक्षकको अभावका कारण समस्या उत्पन्न भएको छ । यसका साथै एउटै कक्षामा भिन्नभिन्न भाषिक समुदायका बालबालिकाहरु हुने भएकाले कुनै एक मातृभाषामा शिक्षण गर्दा अझ कठिनाई भएको छ। यी सबै कठिनाई हुँदाहुँदै पनि नेपालका केहि जिल्लाका केहि विद्यालयहरुमा मातृभाषाको पाठ्यक्रम कार्यान्यन गरिएको तर प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्थामा इलाम जिल्ला भित्रका मातृभाषाको पाठ्यक्रम लागु गरी मातृभाषामा शिक्षा दिने विद्यालयहरु समेत अछुतो रहन सकिरहेका छैनन् । तसर्थ यो शोध अध्ययनमा मातृभाषाको शिक्षाको आवश्यकता र कार्यान्वयनको प्रभावकारीता के कस्तो अवस्थामा छ भन्ने सन्दर्भमा आधारित भई बर्तमान परिप्रेक्ष्यमा मातृभाषाका प्रभावकारी कार्यान्वयन गर्ने सकिन्छ भन्ने आधारमा केन्द्रित रहि अध्ययन गरी प्रतिवेदन प्रस्तुत गरिएको छ।

## १.२ समस्याको कथन

मातृभाषाको पाठ्यक्रम लागू गर्नको उद्देश्य बालबालिकाले सुने, जाने, बुझेको भाषामा शिक्षा दिई शिक्षण सिकाइमा सुधार ल्याउनु हो। विद्यार्थीहरुले सुने-जानेको भाषाको माध्यमबाट सिक्ने अवसर प्राप्त गर्न सकेमा सिकाइमा सहजता, सरलता र प्रभावकारीतामा बृद्धि हुने कुरालाई नकार्न सकिन्न । विद्यार्थीले आफ्नै परिवेशमा आफ्नै भाषामा सिक्नु पाउने बातावरण सिर्जना गर्नु भातृभाषामा शिक्षण सिकाइको मर्म हो । तर हालको मातृभाषामा शिक्षण सिकाईको यो मर्मलाई छुन सकेको छैन। केही समुदायले मात्रै जातीय पहिचान, भाषा सहित्यको उत्थान र सम्बर्द्धन भन्दा जातीय वा भाषिक रुपमा अरुभन्दा पृथक देखाउन मातृभाषामा शिक्षाको नारा अघि सोको अनुभूत गर्न पाइन्छ । तर लिपी, शब्दकोष, पाठ्यसामग्री, भाषिक दक्षता भएका शिक्षक आदिको अभावमा मातृभाषामा शिक्षा दिने कार्यमा असहजता उत्पन्न भएको छ।

यस्तो अवस्थामा मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तक पाठ्यसामग्रीको निर्माण कसरी गर्न सकिन्छ ? कसरी व्यवहारिक ढंगबाट शिक्षण सिकाइमा मातृभाषामा शिक्षाको सफल कार्यान्वयन गर्न सकिन्छ। जस्ता विषयहरुको अध्ययनको आवश्यकता महसुस गरी यो विषय छनौट गरिएको हो।

## १.३. अध्ययनको औचित्य

नेपाल भौगोलिक हिसावले हिमाल, पहाड र तराईको भू-भागमा मात्र विविधता भएको राष्ट्र होइन । यो त भाषिक, धार्मिक, जातीय, साँस्कृतिक विविधतायुक्त राष्ट्र पनि हो । बहुभाषिक समुदाय रहेको नेपालमा नेपाली भाषालाई सम्पर्क भाषाको रुपमा लिइएको छ भने नेपाली भाषालाई सम्पर्क भाषाको रुपमा लिइएको छ । विभिन्न मातृभाषाहरुलाई राष्ट्र भाषाको मान्यता प्राप्त छ । संबैधानिक र नीतिगत आधारमा मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गरिएको छ । तर मातृभाषामा शिक्षा प्रदान गर्नुपर्ने राष्ट्रिय र स्थानीय आवश्यकता रहँदा रहँदै पनि मातृभाषाको पाठ्यक्रम र कार्यान्वयनको अवस्था निर्माण र निर्मित पाठ्यक्रमा अनुसार शिक्षण गर्नु एक चुनौतीपूर्ण कार्य रहेको छ । प्राथमिक शिक्षा पाठ्यक्रमले स्थानीय विषय अन्तर्गत मातृभाषामा शिक्षा दिने व्यवस्था गरेर र सोहि अनुसार मातृभाषामा शिक्षा दिन विद्यालयहरु उत्सुक देखिएको तर स्थानीय स्तरमा पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयन उचित रुपमा भएको पाइँदैन । विद्यालमया भाषा शिक्षकको छुट्टै व्यवस्था नहुन अर्को समस्या हो भने भाषा शिक्षक विकासका लागि सरकारले अल्पकालिन तालिमको व्यवस्था गरेपनि छोटो अवधिका लागि दिइएको तालिमबाट शिक्षकहरु मातृभाषाका पाठ्य सामाग्री निर्माण  गरी शिक्षण गर्न असमर्थ रहेको कुरा स्वयं विद्यालय र शिक्षकहरु स्वीकार्दछन् । साथै पाठ्य सामग्री निर्माण गर्न लाग्ने खर्चको पनि अभाव छ । एउटै कक्षाकोठामा एउटा मात्र मातृभाषी बालबालिकाका नहुनु र सबै मातृभाषी बालबालिकाको आवश्यकताको सम्बोधन हुन नसक्नुले समस्या अझै थपेको छ ।तसर्थ यहि सन्दर्भलाई दृष्टिगत गर्दै “मातृभाषाको पाठ्यक्रम र कार्यान्वयनको अवस्था” विषयलाई अध्ययन  गर्न उचित ठानेर यो विषयमा अनुसन्धान गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रत्येक विषयमा अध्ययन गर्नका लागि उद्देश्यहरु तय गर्नुपर्ने हुन्छ । तसर्थ यस अध्ययनका उद्देश्यहरु निम्नानुसार तय  गरिएको छः-

क) मातृभाषामा शिक्षाको आवश्यकता विश्लेषण  गर्ने ।

ख) मातृभाषामा शिक्षा सम्बन्धि बर्तमान नीति र व्यवस्थाको विश्लेषण गर्ने

ग) मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउने ।

घ) मातृभाषाको पाठ्यक्रम कार्यन्यवनका  समस्या  पत्ता लगाइ समाद्यानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

कुनै पनि विषयमा अध्ययन गर्न उद्देश्यहरु तय भईसकेपछि समस्याहरुसँग सम्बन्धित प्रश्नहरु समावेश गरी तिनका उत्तरहरु खोज्न अनुसन्धानात्मक प्रश्नहरु तयार पार्नुपर्दछ । यस समस्यासँग सम्बन्धित निम्नानुसार अनुसन्धनात्मक प्रश्नहरु तय गरिएका छन्:-

- मातृभाषाको पाठ्यक्रमको आवश्यकता छ किन छैन ? किन ?
- मातृभाषामा शिक्षाको आवश्यकता किन परेको हो ?
- मातृभाषाको पाठ्यक्रम सम्बन्धि वर्तमान नीतिगत व्यवस्था कस्तो छ ?
- मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यन्वयनको अवस्था कस्तो छ ?
- मातृभाषाको पाठ्यक्रम कार्यन्वयनमा के कस्ता चुनौतीहरु रहेका छन् ?
- मातृभाषामा शिक्षण सम्बन्धमा शिक्षा प्रशासन, वि.व्य.स., प्र.अ., शिक्षक तथा समुदायको धारणा के छ ?
- मातृभाषा शिक्षण सिकाईका लागि पाठ्यपुस्तक तथा पाठ्य सामाग्रीको व्यवस्थापन कसरी गरिएको छ ?
- मातृभाषाको पाठ्यक्रम निर्माण र प्रयोगका सम्बन्धमा कहाँबाट कसरी सहयोग प्राप्त भैरहेको छ वा छैन ?
- मातृभाषाको पाठ्यक्रम कार्यन्वयनका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

शिक्षाका लक्ष्यहरु हासिल गर्न प्रभावकारी मातृभाषामा शिक्षणले सहयोग पुऱ्याउन सक्दछ । देश भरिका सबै मातृभाषा र मातृभाषामा शिक्षा दिने प्रयोजनका लागि पाठ्यक्रम कार्यन्वयनको अवस्था र भूमिका अध्ययन गर्न महत्वपूर्ण भएपनि सिमित स्रोत, साधन र समयका कारणले यस सोध अध्ययनले इलाम जिल्लामा प्रचलन रहेका मातृभाषाहरुमध्ये जिल्ला शिक्षा कार्यालय इलामबाट स्वीकृति लिई प्राथमिक तहको स्थानीय पाठ्यक्रम अन्तर्गत मातृभाषामा शिक्षा कार्यक्रम संचालन भैरहेका विद्यालयहरु मध्येबाट लिम्बू, राई बान्तवा, मगर भाषा सुनुवार, लाप्चा, तामाङ्ग र शेर्पा भाषाको शिक्षण हुने १,१ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरी अध्ययन गरिएको छ । यो अध्ययनको क्रममा जनसंख्याको रुपमा लिइएका मातृभाषाका शिक्षक, प्र.अ., वि.व्य.स.

अध्यक्ष, जिल्ला शिक्षा पाठ्यक्रम समन्वय समितिका सदस्यहरु, जि.शि.अ. तथा अभिभावकहरुबाट सूचना प्राप्त गरी परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा स्थानीय विषय अन्तर्गतको मातृभाषाको विषयको आवश्यकता र यसको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन र विश्लेषण गरिएको छ ।

# परिच्छेद-दुई

## २. सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक खाका

सिकारुको अनुभव भन्दा अलग्गै कुनै ज्ञानको अस्तित्व हुन सक्दैन । प्लेटोको दर्शन अनुसार सिकाइ भन्नाले परिस्कृत वा बनिवनाउ ज्ञान वा विचारलाई सम्झाउनु, वा कुनै चिजको सत्य स्वरुपलाई जान्नु/बुझ्नु हो भन्ने दर्शनलाई चिर्दै विशौं शताब्दीमा बहुचर्चित सिकाइ तथा ज्ञानको निर्माण सिकारु आफैं व्यक्तिगत तथा सामाजिक अन्तरक्रिया र सहमतिबाट हरेक धारणा वा सिद्धान्तको निर्माण गर्न सक्दछ भन्ने निर्माणबादी सिद्धान्तको प्रतिपादन भएको पाईन्छ ।

जोन डिबे, पियाजे, भिगोत्स्की जस्ता विद्धानहरुद्धारा प्रतिपादित र विकसित यस सिद्धान्तको मुख्य दुई वटा मान्यता छन् । सिकाइका लागि सिकारुलाई नै पहिलो प्राथमिकता दिने, सिक्ने विषयबस्तु होइन । सिक्ने विषयबस्तु सिकारु आफैले निर्माण गर्ने हो भन्ने मान्यता यस सिकाइ प्रकृयाको केन्द्रविन्दु हो ।

जीन पियाजे (1896-1980) जसलाई विकासात्मक मनोविज्ञानको विस्तृत अनुसन्धानका लागि सम्झिन्छ , उनको सिकाई पद्दतिका तीन चरणहरु यस प्रकार छन्- योजनाको आधारमा सिकाई प्रक्रियाको व्याख्या (कुनै पनि कुराले कसरी कार्य गर्दछ भन्ने सुचनाको संगठन ), समिकरण (नयाँ सिकाइलाई योजनामा समावेश गर्ने ) र संयोजन ( भैरहेको सिकाइलाई स्थानान्तरण गर्ने वा नयाँ सिर्जना गर्ने )। जीन पियाजेका अनुसार निर्माणवादको महत्व र ज्ञानको आन्तरिकीकरण घोकेको ज्ञान र सूचना भन्दा धेरै महत्वको हुन्छ । निर्माणबादी सिकाइले सृजनात्मक सोच, विश्लेषण र प्रतिविम्बित ज्ञानलाई उच्च रुपमा लिएको पाइन्छ ।

भिगोत्स्की को सामाजिक संरचना सिद्धान्त अनुसार सिकाइ र विकास सँगसँगै अगाडि बढ्ने प्रकृया हो । सामाजिकीकरण र शिक्षाको माध्यमबाट सिकाइको संज्ञानात्मक पक्षको विकास हुन्छ । सिकारुको स्मरण शक्ति, विचार र सम्झने शक्ति जस्ता संज्ञानात्मक पक्षको विकास संस्कृति, सामाजिक परिवेश, परम्परा धर्म र भाषाबाट हस्तान्तरीत हुन्छ । सिकारुको बैयक्तिक तह तथा क्षमता विकासका लागि अनुभव ग्रहण गर्ने क्रममा पहिलो

पटक सामाजिक बातावरणसँग घुलमिल हुन्छ । नयाँ अनुभवहरुले बालकको ज्ञानमा प्रभाव पार्छ र नयाँ विचारको आकार ग्रहण गर्दछ ।

भिगोत्स्की (१९७८)को संरचनाबादलाई सामाजिक संरचनाबादको रुपमा लिइन्छ । किनकी सामाजिक सन्दर्भ र संस्कृतिको अंह प्रभाव सामाजिक संरचनाबादमा पर्दछ ।
भिगोत्स्की का अनुसार "Curriculum specialists and lession plan builders can use the zone of proximal development as a guiding reference." उनको अनुसार भाषा र सोचको विकास प्रकृया समानान्तर रुपमा हुन्छ । यी दुई पक्ष एक आपसमा स्वतन्त्र हुन्छन् । तर विकास फरक ढंगले हुन्छ । सोच र भाषालाई अर्को अर्थमा सोचाई र बोलाई पनि भनिन्छ । तसर्थ सिकाईका लागि भाषा अति महत्वपूर्ण हुन्छ, त्यसमा पनि सिकारुको आफ्नो अर्थात् उसको जाने सुनेको भाषा ।

निर्माणबाद अनुसार सिकारु आफैले त्यत्तिकै सिक्न सक्दैनन् । सिक्नका लागि उपयुक्त क्रियाकलाप र सिक्ने बातावरण हुनुपर्दछ । सिकाइ नितान्त व्यक्तिवत मानसिक प्रकिया हो । सिकाइका लागि विद्यार्थीहरुलाई विभिन्न मानसिक तथा भौतिक क्रियाकलापमा सरिक गराई राख्नुपर्दछ । यिनै क्रियाकलापहरुमा सरिक हुँदै विद्यार्थीहरुले आफैं ज्ञानको निर्माण गर्दछ । यहि नै सबभन्दा ठूलो सिकाइ हो । सिकाइ एउटा प्रकृया हो । यसमा विद्यार्थीहरुले ज्ञानेन्द्रीयजन्य अनुभवहरुलाई प्रयोग गरेर अर्थ निर्माण गर्दछन् । सिकारुहरु निष्कृय रहेर सिकाइ हुँदैन । पूर्ण सन्चित ज्ञानको निष्कृय स्थानान्तरणबाट सिकाइ हुन सक्दैन । ज्ञानको सकृय स्थानान्तरणका लागि भाषाको भूमिका महत्वपूर्ण हुन्छ । हामीहरुले प्रयोग गर्ने भाषाको किसिम सिकाइको आधार हुन्छ । सिकाइ एक सामाजिक प्रकृया हो । मानिसहरुबीचको अन्तरक्रियाबाट सिकाइ हुनसक्दछ । एउटा विद्यार्थीले आफ्ना शिक्षक, साथीहरु, अरु कुनै आकस्मिक रुपमा भेटेका मानिसहरु आदि सँगको अन्तरक्रियाका आधारमा कुनै चिज उपर आफ्नो विचार या अर्थ निर्माण गर्दछ, त्यो नै सिकाइ हो । निर्माणबादी सिकाइ सिद्धान्तको बास्तविकता सिकारुकै वरिपरि र सिकारुभित्रै हुन्छ । सिकाइका लागि सिकारुले सिक्ने भाषा महत्वपूर्ण हुन्छ भन्ने मान्यता रहेको पाइन्छ ।

उपाध्याय (२०६५) ले शैक्षिक योजना तथा व्यवस्थापन समाजबाट प्रकाशित EPMAN जर्नल अन्तरगत शैक्षिक विकेन्द्रीकरणको आवश्यक्ता र समस्या सम्बन्धि लेखमा उनले शैक्षिक योजना केन्द्रीय नीति, नियम तथा निर्देशन अनुसार सञ्चालित हुनुलाई प्रशासनिक केन्द्रीकरण आर्थिक अधिकार कार्यान्वयनको अधिकार, निर्णयको अधिकार तथा

उत्पादन एवं उपयोगको अधिकार स्थानीय स्तरमा हस्तान्तरित भई केन्द्रीय अधिकार प्रत्यायोजित हुनलाई  विकेन्द्रीकरण हो । नेपालको सन्दर्भमा सम्पूर्ण शैक्षिक नीति, नियम तथा योजना केन्द्रीय रुपमा बनि स्थानीय स्तरमा कार्यान्वयन गर्नु पर्दा स्थानीय स्रोत, साधनहरुको उचित परिचानलन हुन नसक्ने र त्यस्ता योजनाले स्थानीय आवश्यकता र जनआकांक्षालाई सम्बोधन गर्न समेत नसक्ने कारण शैक्षिक क्षेत्रमा सरोकारवालाहरुको न्यून सहभागिताले शैक्षिक गुणस्तरमा समेत नकरात्मक प्रभाव पारेको यथार्थता रहेको छ । शिक्षाको खस्कदो गुणस्तरलाई मध्यनजर गर्दै गुणस्तर वृद्धि गर्न अनि स्थानीय आवश्यक्ता र जनचाहनालाई सम्बोधन गर्न, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न सरोकारवालाहरुको सहभागीता वृद्धि गर्नु पर्ने हुन्छ जसका लागि शैक्षिक विकेन्द्रीकरण एउटा कोसेढुङ्गा हुने कुरामा जोड दिएको पाइन्छ ।

देशमा विद्यमान रहेको केन्द्रीकृत शासन प्रणाली एवं केन्द्रीकृत शैक्षिक प्रणालीले शैक्षिक क्षेत्रमा न्याय दिन नसकेको अवस्थामा शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या वर्तमान अवस्थामा राज्यको स्वरुप निर्धारण गर्न तथा शैक्षिक नीति नियम तर्जुमा गरी शैक्षिक विकेन्द्रीकरणका लागि महत्वपूर्ण योगदान गर्न सक्छ । शैक्षिक विकेन्द्रीकरणले भौगोलिक, क्षेत्रिय, जातिय, भाषिक, लैङ्गिक, वर्गिय जस्ता पक्षहरुलाई न्याय प्रदान गर्न सक्छ भन्ने तर्क प्रस्तुत गरेको  छ । शैक्षिक विकेन्द्रीकरणले स्थानीय स्रोत, साधन र मानव संसाधनलाई स्थानीय रुपमा परिचालन र खपत गर्ने तर्फ जोड दिएको पाइन्छ । शैक्षिक केन्द्रीकरणका कारण स्थानीय स्तरमा सरोकारवालाहरुको कम चासो र न्यून सहभागिताका कारण विद्यालय व्यवस्थापन र परिचालन गर्न जटिल भएको अवस्थामा शैक्षिक विकेन्द्रकरणले विद्यालय क्षेत्रमा सरोकारवालाहरुको चासो वृद्धि हुने र सहभागिता बढाउन सकिने हुनाले विकेन्द्रीकरणले शैक्षिक गुणस्तर बढाउन सहयोग गर्ने तर्फ जोड दिएको छ ।

शैक्षिक विकेन्द्रीकरणमा खर्चको उत्तरदायित्व, राजस्व संकलनको जिम्मेवारी, अन्तरनिकाय वितिय हस्तान्तरण, ऋण लिने व्यवस्थामा स्वतन्त्रता हुने हुनाले आर्थिक तथा वितिय स्वतन्त्रता स्थानीय तहलाई दिनुपर्नेमा जोड दिएको पाइन्छ । स्थानीय भौगोलिक सिमा भित्र रहेका जनताहरुको आवश्यकता, चाहाना एवं शैक्षिक चेतनालाई समेटी उनीहरुकै सहभागितामा उनीहरुको हित र समुन्नतिका लागि स्थानीय स्तरमा शैक्षिक विकेन्द्रीकरण गरिने हुनाले कार्यन्वयन, उत्पादन र उपभोग सहभागिताको आवश्यक्ता हुने तर्फ जोड दिनु पर्छ । शैक्षिक विकेन्द्रीकरणले देशका विभिन्न क्षेत्र, भुगोल, जातजाति,

भाषाभाषी, धर्म, लिङ्ग वर्ण समुह एवं समुदायलाई शैक्षिक न्याय दिन सक्ने भएतापनि सामाजिक संरचना, देशको केन्द्रीकृत शासन प्रणाली, परम्परागत शोच र शैली जस्ता पक्षमा परिवर्तन नहुदा, शैक्षिक विकेन्द्रीकरण योजना र प्रशासनिक विकेन्द्रीकरणमा समस्या हुने तर्फ जोड दिएको पाइयो ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

नयाँ तथ्य, ज्ञान र सिद्धान्तको खोजी एक शोधकर्ताले गर्नुपर्ने भएकोले आफुले छनौट गरेको क्षेत्र र समस्यामा पहिले यस विषयसँग सम्बन्धित कसैले अध्ययन गरे नगरको निर्क्यौल गर्न सम्बन्धित साहित्यको पुनरावलोकन गर्नुपर्ने हुन्छ । सम्बन्धित साहित्यको पुनरावलोकनले छनौट गरिएको सोध विषयसँग सम्बन्धित के कसता समस्या छन् र ती समस्याहरुले पारेको प्रभाव, समाधानका लागि के कसता विकल्पहरु खोजी भएका छन् । भन्ने जानकारी प्राप्त गर्न सकिने र शोधकर्ताले थप खोजी गर्नुपर्ने कुरालाई निर्क्यौल गरी अध्ययन गनृ सहयोग मिल्दछ, जसले एउटै विषयबस्तु दोहोरिने सम्भावना कम रहन्छ ।

प्रस्तुत शोधकर्तालाई अगाडि बढाउनको लागि मातृभाषाको पाठ्यक्रमसँग सम्बन्धित केहि शोध प्रतिवदेन, लेख एंव दस्तावेजहरुलाई अध्ययन गरी निचोडमा पुग्ने प्रयास गयरिएको छ ।

राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवदेन (२०५०) ले मातृभाषामा शिक्षाको आवश्यकतालाई जोड दिँदै यसको कार्यान्वयनका लागि मातृभाषाका पाठ्यक्रम तथा पाठ्य सामग्रीको निर्माण सम्बन्धमा दिइएको सुझावलाई हेर्दा “मातृभाषा विषय र माध्यम दुबै रुपमा लागु हुनुपर्ने” उल्लेख छ । हाम्रो देशमा धेरै मातृभाषाहरु प्रचलनमा रहेको हुनाले मातृभाषीहरुको जसनंख्या र लेख्य परम्परामा आएका आधारमा प्राथमिकता निर्धारण गरी चरणबद्ध रुपमा पठनपाठन गराउनुपर्ने साथै लेख्य परम्परामा नआएका र लिपि नभएका भाषाहरुलाई पनि क्रमिक रुपमा लेख्य परम्परामा ल्याउन पहलगर्ने र त्यसपछि मात्र विद्यालयको पाठ्यसामग्री विकास गर्नुपर्ने सुझाव प्रस्तुत गरेको छ । यसका साथै मातृभाषा बिषयका रुपमा पढाईले उद्देश्य निर्धारण गरी प्रत्येक समुदायका मातृभाषाका लागि पाठ्यक्रमको तर्जुमा गर्न र सोही अनुसार पाठ्यपुस्तक लेखाउँदा सम्बन्धित भाषाभाषी तथा जातजातिका सामाजिक, सास्कृतिक विशेषताको स्तर अनुसार आवश्यक मात्रामा समावेश

गर्नुपर्ने, मातृभाषाका पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र विकास गर्नका लागि पाठ्यक्रम विकास केन्द्र अन्तर्गत छुट्टै शाखा खोलिनुपर्ने  सुझाव दिइएको पाइन्छ ।

सिन्हा (२०६३) नेपालको सन्दर्भमा शैक्षिक क्षमताको अभिवृद्धि र भाषिक क्षमताको विकास अति महत्वपूर्ण पक्षको रुपमा रहेको र बालबालिकाहरुको शैक्षिक उपलब्धी र मातृभाषामा शिक्षाको बीचमा सकारात्मक र महत्वपूर्ण सम्बन्ध रहेको देखिन्छ । साथै विभिन्न समुहका बीचमा हुने साँस्कृतिक, भाषिक विभिन्नताका कारण नेपाली भाषी र गैह्र नेपाली भाषी विद्यार्थीहरुबीच विद्यालयको शिक्षणको माध्यम भाषा नेपालीमा शिक्षण गर्दा गैह्र नेपाली भाषी विद्यार्थीहरुलाई बुझ्न कठिन हुन जान्छ । यस किसिमको कठिनाईले बालबालिकाको सिकाइमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसरी हेर्दा संबैधानिक प्रावधान तथा नीतिगत व्यवस्था अनुरुप प्राथकि तह सम्मको शिक्षा मातृभाषामा दिन पाउने व्यवस्था भएकोले राज्यले प्राथमिक शिक्षामा मातृभाषाको. महत्वपूर्ण आत्मसात् गरेको पाइन्छ । तर व्यवहारमा यो कार्यान्वयनमा गएको छ त ? कक्षा कोठामा प्रयोग हुने भाषामा नेपाली भाषाको अत्याधिक प्रचलन रहने गरेको पाइन्छ । जसले गर्दा नेपाली मातृभाषा नभएका बालबालिकाहरुको आवश्यकता सम्बन्धमा सरोकारवालाको खासै चासो देखिँदैन भनी उल्लेख गरेका छन् ।

विद्यमान संबैधानिक प्रावधान, कानूनी तथा नीतिगत प्रावधानका बाबजुद हाल नेपालमा सबै बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा सबै समूहको सामाजिक, शैक्षिक, समाहिकरण मूल प्रवाहीकरण  गर्न नसकिरहेको सन्दर्भमा मूल प्रवाहीकरणको एक सशक्त माध्यमका रुपमा मातृभाषाका रुपमा मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्ने प्रकृया अवलम्बन गर्नु आवश्यक छ । तथापी तत् सम्बन्धि थुप्रै समस्या र चुनौती रहेका छन् ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ले औपचारिक विद्यालयीय पठनपाठनको दृष्टिले शिक्षणको हकमा पठनपाठनको पक्षलाई बढि महत्वपूर्ण मानेको छ । विशेष गरी प्रारम्भिक तहका कक्षाहरुमा शब्द भण्डारका कारणले सिकाइ सहज हुने हुँदा र विद्यालय प्रति विद्यार्थीहरुको आकर्षण समेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठनपाठन गर्न उपयुक्त हुने कुरा औल्याएको छ ।

नेपालको विद्यमान कानूनी प्रावधान अनुसार स्थानीय स्तरमा स्थानीय निकायले मातृभाषामा प्राथमिक विद्यालय खोल्न पाउने व्यवस्था स्थानीय स्वायत्त शासन ऐनले गरेको छ । मातृभाषामा शिक्षा सम्बन्धि विविध प्रयास भईरहेको भएतापनि मातृभाषा शिक्षण

सम्बन्धमा निम्न चुनौतीहरु राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ले प्रस्तुत गरेको छ । विविध सामाजिक, साँस्कृतिक र भाषिक संरचनायुक्र सबै मातृभाषाका लिपि, शब्दकोष, व्याकरण तथा लेख्य परम्पराको विकास हुन नसक्नु, मातृभाषा सम्बन्धि स्पष्ट नीति नबन्नु आदि रहेको ठहर गरेको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) मा मातृभाषाको बारेमा यसरी उल्लेख गरेको छ । विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनौट गर्दा बहुसंख्यक विद्यार्थीले बोल्ने मातृभाषाको छनौट गरिनु पर्ने, मातृभाषाको पठनपाठन गराउन आवश्यक पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोतकेन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाट निर्माण गर्न सकिने व्यवस्था गरको छ ।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६)ले सबै बालबालिकाहरुलाई आधारभूत गुणात्मक शिक्षा प्रदान गर्ने नेपाल सरकारको प्रयासमा सहयोग पुऱ्याउन मातृभाषामा शिक्षा लिन पाउने अधिकार स्थापित गर्ने कार्यमा भाषिक समुदाय, विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, सामुदायिक एंव गैह्र सरकारी संघसंस्था आदि सबै पक्षको महत्वपूर्ण भूमिका हुने भएकोले विद्यालयीय शिक्षासगँ सम्बन्धित सबैको भूमिका सुनिश्चित गरी मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रमलाई अभियानकै रुपमा संचालन गर्ने उद्देश्यले निर्देशिका जारी गरिएको उल्लेखित छ ।

तामाङ्ग (२०६७) को "स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको व्यवस्थापन" विषयमा गरिएको शोध प्रंतिवेदन अनुसार स्थानीय पाठ्यक्रम अन्तर्गत स्थानीय मातृभाषामा पाठ्यक्रम निर्माण र प्रयोग सम्बन्धि विद्यमान व्यवस्था र यसको कार्यान्वयन सम्बन्धी सरोकारवालाहरुले खासै चासो नदेखाएकोले स्थानीय स्तरमा आवश्यकताका बाबजुत प्रयोगमा ल्याउन नसकिएको, एउटा कक्षाकोठाभित्र अलग अलग भाषिक समुदायको उपस्थिति र एक्काइसौं शताब्दिको बढ्दो माग अंग्रेजी भाषाको भएकोले भन्दै विद्यालयहरुले स्थानीय भाषालाई प्राथकिता नराखेको कारण मातृभाषामा शिक्षाको पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको निष्कर्षमा पुगेको पाइन्छ ।

"मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई विश्लेषण र व्याख्याद्धारा निष्कर्षमा पुग्न उपरोक्त सम्बन्धित साहित्यको पुनरावलोकनले सहयोग पुग्ने ठहर गरी पुनरावलोकन गरिएको छ ।

# परिच्छेद-तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

सामान्यतया अनुसन्धान कार्यका लागि तयार गरिएको बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउन अध्ययनकर्ताले तयार पर्ने अनुसन्धान ढाँचा भित्र अधयनको विषयको छनौट देखि लिएर तथ्याङ्क संकलनका लागि जनसंख्याको छनौट, सूचना तथा तथ्याङ्क संकलन विश्लेषण र प्रस्तुतीकरण सम्मका कार्यविधि अवलम्बन गरिएको छ ।कुनै घटना ,प्रकिया एवंम समस्याको अध्ययन गर्ने शाब्दिक रुपमा संकलित जनसांख्यिक तथ्याङ्कहरुलाई विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धान ढाँचालाई गुणात्मक अनुसन्धान भनिन्छ ।यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरु सामान्यता विवरणात्मक रुपमा नै प्राप्त हुने भएकोले यसलाई पूर्णता दिन गुणात्मक तथा व्याख्यात्मक ढाँचा नै अवलम्बन गरिएको छ । जसका लागि सूचनाको स्रोतको रुपमा प्रश्नावली, अन्तरवार्ता,कक्षा अवलोकन  तथा छनौट गरिएको अध्ययनको विधिसँग सम्बन्धित अभिलेख अध्ययनलाई उपयोग  गरिएको छ ।

## ३.२ नमुना छनौट प्रकृया र नमुना जनसंख्या

शोध कार्यको लागि निश्चित जनसंख्याको आवश्यकता पर्दछ । सम्भव भएसम्म शोधकर्ताले अध्ययनको लागि फराकिलो क्षेत्र लिनु उपयुक्त हुने भएपनि सिमित स्रोत, साधन र समयको कारणले फराकिलो क्षेत्र लिन सम्भव नभएकोले यस अध्ययनलाई पूरा गर्नको लागि इलाम जिल्लामा मातृभाषा शिक्षणको अनुमति लिई संचालनमा रहेका विद्यालयहरुलाई जनसंख्याको रुपमा लिइएको छ भने ती  मध्येबाट प्रत्येक मातृभाषी विद्यालयहरु मध्येबाट नमूना जनसंख्याको रुपमा  लिम्बू, राई बान्तवा, मगर, तामाङ्ग, शेर्पा, सुनुवार लाप्चा भाषाका १/१ वटा विद्यालय पर्ने गरी सम्बन्धित भाषा विद्यालयहरु मध्येबाट सामान्य सम्भावनायुक्त छनौट विधि अपनाई छनौट गरिएको छ । छनौटमा परेका विद्यलायका वि.व्य.स. अध्यक्ष, प्र.अ. भाषा शिक्षक, अभिभावक छनौट गरिएको छ । उद्देश्यमूलक नमुना छनौट विधिको आधारभूत जि.शि.का. इलामका जि.शि.का. एक र सामान्य सम्भावना युक्त नमुना छनौट प्रकृयाद्धारा जिल्ला पाठ्यक्रम समन्वय समितिका २ जना सदस्यहरु जनसंख्याको रुपमा यस अध्ययनको लागि छनोट गरिएको  छ ।

नमूना जनसंख्या छनौट गर्ने क्रममा इलाम जिल्लाको क्षेत्रगत आधार र भाषिक भिन्नतालाई विशेष ध्यान दिइएको छ ।

## ३.३ नमूनाको आकार र नमूना छनौट विधि

| क्र.सं. | विवरण | नमूना जनसंख्या | नमुना छनौ विधि |
|---|---|---|---|
| १ | विद्यालय | ७ | उद्देश्यमूलक तथा सामान्य सम्भावनायुक्त छनोट विधि |
| २ | प्र.अ. | ७ | उद्देश्यमूलक |
| ३ | शिक्षक | ७ | उद्देश्य मूलक |
| ४ | वि.व्य.स. अध्ययन | ७ | उद्देश्य मूलक |
| ५ | अभिभावक | ७ | सामान्य सम्भावना युक्त |
| ६ | जि.शि.अ. | १ | उद्देश्यमूलक |
| ७ | जि.पा.स. सदस्य | २ | सामान्य सम्भावनायुक्त |

## ३.४ तथ्याङ्कका स्रोतहरु

अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरु प्राप्त गर्न सकिने क्षेत्रलाई तथ्याङ्कको स्रोत भनिन्छ । अनुसन्धानको स्वरुप र प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु फरक फरक हुन सक्छन् । यस अध्ययनको लागि आवश्यक पर्ने तथ्य एंव, जानकारी एंव सूचनाहरु प्राप्त गर्न प्राथमिक र सहायक दुबै स्रोतको उपयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क प्राप्त गर्न प्राथमिक स्रोतको रुपमा छनौटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष, प्र.अ. तथा शिक्षकहरुका लागि खुल्ला प्रश्नावलीको प्रयोग गरिएको छ । छनौटमा परेका जि.शि.अ. बाट समेत खुल्ला प्रश्नावलीको माध्यमबाट सूचना प्राप्त गरिएको छ भने छनौटमा परेका जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्यहरु र अभिभावकहरुसँग अन्तरवार्ताको माध्यमबाट सूचना तथा तथ्याङ्क प्राप्त गरिएको छ । छनौटमा परेका विद्यालयमा आफैं उपस्थित भई मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको बास्तविक अवस्था पत्ता लगाउन कक्षाकोठा अवलोकन गरिएको छ ।

### ३.४.२ सहायक स्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना तथा तथ्यांकहरु प्राप्त गर्न मातृभाषासँग सम्बन्धित दस्तावेजहरु, जि.शि.का. इलामका Flash one Report, विद्यालयको भर्ना अभिलेखन जि.शि.का. इलाम समक्ष मातृभाषा शिक्षणका लागि अनुमति माग भई आएका तथा स्वीकृति प्रदान गरिएका अभिलेखहरु सहायक स्रोतको रुपमा अध्ययन गरी सूचना तथा तथ्याङ्क प्राप्त गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु

### ३.५.१ अन्तरवार्ता

जिल्ला पाठ्यक्रम समन्वय समितिका छनौटमा परेका सदस्यहरुका सँग अभिभावकहरुसँग छुट्टाछुट्टै अन्तरवार्ता लिई सूचना प्राप्त गरिएको छ । अन्तरवार्तामा सोधिएका प्रश्नहरु अनुसूचीमा राखिएको छ ।

### ३.५.२ प्रश्नावली

यस अध्ययनकालागि छनौटमा परेका विद्यालयका प्र.अ., मातृभाषाका शिक्षक, वि.व्य.स. अध्यक्षहरु तथा जि.शि.अ.बाट सूचना संकलन गर्न स्वयं उत्तरदाता समक्ष पुगी खुल्ला प्रश्नावली भराइएको छ । यसका लागि प्रयोग गरिएको प्रश्नावली अनुसूचीमा राखिएको छ । सूचना संकलनकै क्रममा जिल्ला शिक्षा अधिकारीबाट समेत खुल्ला प्रश्नावली भराई सूचना प्राप्त गरिएको छ । जसलाई अनुसूचीमा समावेश गरिएको छ ।

### ३.५.३. कक्षाकोठा अवलोकन

यस अध्ययनका लागि वास्तविक अवस्थाको यर्थाथ अध्ययन गर्न छनौटमा परेका विद्यालयमा आफैं उपस्थित भई मातृभाषाको पाठ्यक्रम लागु भएको कक्षाको अवलोकन गरी सूचना तथा तथ्यहरु संकलन  गरिएको छ ।

### ३.५.४ दस्तावेज अध्ययन

अध्ययन कार्यलाई पूर्णता दिन छनौटमा परेका सम्बन्धित विद्यालय तथा जि.शि.का. मा स्वयं उपस्थित भई अध्ययनका लागि आवश्यक पर्ने अभिलेख, फाइल, आदिको अध्ययन गरिएको

छ । यस अध्ययनलाई मार्ग निर्देशन गर्न सक्ने र निष्कर्षमा पुग्न मद्दत पुऱ्याउने लेख, रचना, निर्देशका, पुस्तक, प्रतिवेदन, ऐन कानून तथा संविधानको अध्ययन गरी सूचनाहरु संलकन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

कुनै पनि अध्ययनका लागि संकलित कच्चा तथ्याङ्कहरुलाई व्यवस्थित रुपमा प्रस्तुत गर्न अत्यावश्यक हुन्छ । तथ्यांक तथा सूचनाहरु संकलन गरिसकेपछि त्यसलाई विभिन्न विधि अपनाएर विश्लेषण गर्ने गरिन्छ । यो अनुसन्धन गुणात्मक अनुसन्धान भएकाले अन्तरवार्ता तथा प्रश्नावलीबाट प्राप्त विवरणात्मक तथ्याङ्क र अध्ययनको विषयसँग सम्बन्धित दस्ताबेज, अभिलेख, लेख, रचना र प्रतिवेदनबाट संकलन गरिएका तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा बर्गीकरण गरी उक्त समूहहरुबाट आएका विषयलाई विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरेको तथ्यांकलाईलाई पूर्ण स्थापित सिद्धान्त र साहित्यसँग जोडेर निष्कर्षमा पुगिएको छ । जसबाट यस अध्ययनको विषयको आवश्यकता, कार्यान्वयनको बर्तमान अवस्था, कार्यान्वयनको क्रममा देखिएका समस्याहरु तथा कसरी मातृभाषालाई व्यवस्थित रुपमा शिक्षामा उपयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा उपायहरु खोजिएको छ ।

# परिच्छेद-चार

## तथ्यांकको व्याख्या र विश्लेषण

मातृभाषामा प्रदान गरिने शिक्षाले शिक्षाका लक्ष्यहरु पूरा गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । मातृभाषामा शिक्षा प्रदान गर्ने कार्य जति आवश्यक र महत्वपूर्ण छ । त्यत्ति नै यसको व्यवस्थापकीय र प्राविधिक पक्षमा भइरहेको बर्तमान अभ्यासको गहिरो अध्ययन गरि भावी रणनीति तय गर्नु त्यत्तिकै चुनौतिपुर्ण छ । तसर्थ मातृभाषामा शिक्षा आवश्यकता र कार्यान्वयनको प्रभावकारीता विषयमा गरिएका या अध्ययनका लागि सङ्कलित सूचना र तथ्याङ्कहरुलाई प्राप्त तथ्याङ्कको विशेषताको आधारमा विश्लेषण र व्याख्या  गरिएको छ । यो अध्ययनमा छनौट भएको जनसंख्या तथा दस्ताबेजबाट प्राप्त सूचना र तथ्याङ्कहरुलाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ४.१ मातृभाषा पाठ्यक्रमको आवश्यकता

बर्तमान सन्दर्भमा नेपालमा मातृभाषाको पाठ्यक्रमको अवाश्यकता पहिचान गर्ने क्रममा खुल्ला प्रश्नावली र अन्तरवार्ताको माध्यमबाट छनौटमा परेका सम्बन्धित सरोकारवालाहरुबाट सूचना प्राप्त गर्ने सन्दर्भमा छनौटमा परेका जि.शि.का. इलामका जि.शि.अ. सँग खुल्ला  प्रश्नावलीको माध्यमबाट सोधिएका प्रश्नहरुको जवाफको आधारमा प्राप्त भएका सूचना तथा जानकारी यस प्रकार रहेको पाइइो सिकारुलाई सिकाई प्रति उत्प्रेरित गर्न शिक्षण सिकाईलाई सहभागीतामूलक बनाउन बालबालिकाको घरायसी र पारिवारीक बातावरणसँग औपचारिक शिक्षालाई जोड्न, शिक्षणका विषयबस्तु स्थानान्तरण गर्न, सिकारुलाई सकृय बनाउन भाषिक सन्चारको महत्वपूर्ण भूमिका हुने हुदाँ बालबालिकाको पहिलो पाठशाला घर र पहिलो शिक्षक परिवारका सदस्य नै हुने भएकोले बालबालिकाहरुले बोल्ने र बुझ्ने भाषा अर्थात् मातृभाषाको प्रयोग शिक्षण सिकाइमा नहुँदा बालबालिकाहरु सिकाइका विषयबस्तुसँग पूर्ण रुपमा परिचित हुन नसक्दा बालबालिकाहरुले सिकाइबाट  अपेक्षाकृत उपलब्धिहरु हासिल गर्न बाधा पर्ने हुनाले मातृभाषाको माध्यमबाट औपचारिक शिक्षाको पाठ्यक्रमका उद्देश्यहरु हासिल गराउन सहयोग पुग्ने भएकोले विद्यालयमा मातृभाषाको पठनपाठनको प्रभावकारीता सुनिश्चित हुने भएकोले मातृभाषाको पाठ्यक्रम विशेष आवश्यकता रहेको पाइएको छ ।

सूचना संकलनकै क्रममा छनौटमा परेका जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्यहरुसँग लिइएको अन्तरवार्ताबाट मातृभाषाको पाठ्यक्रम अवाश्यकता सन्दर्भमा प्राप्त भएका सूचना अनुसार पाठ्यक्रम शिक्षण सिकाइको मेरुदण्ड भएकोले पाठ्यक्रमले तोकेको सिकाई उपलब्धी हासिल गर्न बालबालिकाहरुले अधिकतम प्रयोग गर्न उनीहरुको मातृभाषाका माध्यमबाट शिक्षण गर्न सके पठनपाठनबाट रुची बढ्न, सहभागीतामा बृद्धि हुने, अभिभावकहरुको पनि रुची, चाहना र सहभागीतामा स्थानीय पाठ्यक्रमको रुपमा स्थान पाउने भएकोले औपचारिक शिक्षासँग सम्बन्ध कायम भई विद्यालय र समुदायबीच सम्बन्ध सुधारमा सहयोग पुग्ने, स्थानीय स्तरका आवश्यकताका विषबस्तुलाई मातृभाषाको विषयमा पाठ्यबस्तुको रुपमा स्थान पाउने भएकोले औपचारिक शिक्षासँग सम्बन्ध कायम भई विद्यालय र समुदायबीच सम्बन्ध सुधारमा सहयोग पुग्ने, स्थानीय स्तरमा पाठ्यक्रम निर्माण जस्तो प्राविधिक कार्य गर्न सक्ने जनशक्तिमा बृद्धि हुने भएकोले मातृभाषको पाठ्यक्रम लागू गरी मातृभाषामा शिक्षा प्रदान गर्नु भाषिक संरक्षण सम्बर्द्धन र विकासका लागि मात्र अवाश्यक नभई विद्यार्थीहरुको मातृभषा प्रतिको अभिरुचि बढाउन सकिने र विद्यालयमा पठनपाठनको माध्यमको रुपमा प्रयोग हुँदै आएको दोस्रो भाषाका कारण सिकाइमा परेको प्रभावलाई चिर्दै सिकाइ उपलब्धि बृद्धि गराउन सजिलो हुने प्रतिक्रिया पाइएको छ ।

छनोटमा परेका वि.व्य.स. अध्ययनसँग प्रश्नावलीद्धारा सूचना सङ्कलन गर्दा विद्यालयमा सबै विद्यार्थीहरु आ-आफ्नो समुदाय र मातृभाषासँग बढि परिचित हुने हुँदा विद्यालयको शिक्षण सिकाइ प्रकृयालाई सहज, सरल ढंगले प्रस्तुत गर्न, विद्यार्थीहरुलाई बुझ्न सजिलो बनाउन मातृभाषाको पाठ्यक्रम लागू र आवश्यक रहेको पाइयो ।

मातृभाषाको पाठ्यक्रमको आवश्यकता छ छैन भन्ने सम्बन्धमा प्र.अ. सँग खुल्ल प्रश्नावलीको माध्यमबाट जिज्ञासा राख्दा विद्यालयको सेवा क्षेत्र भित्रका बहुसँख्यक विद्यार्थीहरुले घर, परिवार र समुदायमा मातृभाषाको प्रयोग गर्ने गरेको, समुदायको मातृभाषामा शिक्षा प्रदान गर्ने माग भएकोले विद्यालयमा मातृभाषाको पठनपाठन गर्नु अवाश्यक ठानी मातभाषाको शिक्षालाई प्राथमिकता दिइएको पाइएको छ । यसरी मातृभाषामा शिक्षा दिने कार्यलाई प्राथमिकता दिएर हेर्दा विद्यार्थीहरुको शिक्षण सिकाइमा सहभागीता बृद्धि भई उत्तिर्ण दरमा समेत बृद्धि हुने भएकाले विद्यालयले स्थानीय विषय अर्न्तगत मातृभाषा विषयलाई राख्नु आवश्यक ठानिएको पाइएको छ ।

सोहि सन्दर्भमा छनौटमा परेका मातृभाषाका शिक्षकहरुसँग खुल्ला प्रश्नावलीको प्रयोगद्वारा सूचना संकलन गर्दा मातृभाषा पाठ्यक्रमको प्रयोग गर्नु किन आवश्यक छ भने बालबालिकाहरुलाई उनीहरुले बुझ्ने र बोल्ने भाषाको माध्यमबाट शिक्षण गरेमा उनीहरुले आफू परिचित विषयबस्तु प्रति धारणा बनाउन सक्ने भएकाले कक्षा शिक्षणमा सहयोग पुग्ने, विद्यार्थीहरुले आपसमा नियमिततामा बृद्धि गराउन सकिने र उपलब्धिमा सुधार हुने भएकाले मातृभाषाको पाठ्यक्रमको आवश्यकता छ भन्ने धारणा पाइयो ।

यसै गरी अभिभावकहरुसँग सम्बन्धित विषयमा अन्तरवार्ता लिदा घर,परिवार छरछिमेक, आफन्त तथा साथीभाइसँग बोलचालमा प्रयोग हुने भाषाले विद्यालयको पढाइलाई प्रभाव पार्ने भएकोले मातृभाषामा शिक्षण गर्न आवश्यक हुने विचार रहेको पाइयो ।

मातृभाषाको पाठ्यक्रम प्राथमिक तहको शिक्षामा छनौटमा परेका विद्यालय कक्षा अवलोकन गर्दा कतिपय बालबालिकाहरु विद्यालय आउनु पूर्व मातृभाषामा मात्र बोल्ने गरेका र अन्य भाषा बुझ्न र बोल्न नसक्ने भएकाले कक्षा शिक्षणको क्रममा माध्यम भाषाको रुपमा मातृभाषा प्रंयोग गर्ने गरेकोले मातृभाषाको पाठ्यक्रमको आवश्यकता रहेको पाइयो । तर सबै बालबालिकाहरु एउटै मातृभाषी समुदायको नभएर अलग अलग मातृभाषी बहुसंख्यक बालबालिकाहरुको आवश्यकतालाई प्राथमिकता दिएको पाइयो । आफूले प्रयोगमा ल्याई रहेको भाषालाई कक्षा कोठामा समेत प्रयोग गर्दा जसको मातृभाषाको पाठ्यक्रम शिक्षण भएको छ, ती विद्यार्थीहरुमा पढाईमा उत्सुकता र कक्षा कार्यकलापमा सकृयता देखिएबाट मातृभाषाको पाठ्यक्रमको अवाश्यकता स्पष्ट झल्किए पनि विद्यालयमा प्रयोगमा ल्याईएको मातृभाषा भन्दा पृथक मातृभाषी बालबालिकाहरुमा आफ्नो मातृभाषा नभई अरुको मातृभाषामा पढ्नु पर्दा बोझ थपिएको आभाष हुन्थ्यो ।

यसै विषयबस्तुसँग सम्बन्धित भई छनौटमा परेका विद्यालयहरुको भर्ना अभिलेख (२०६८) लाई अध्ययन गर्दा श्री महेन्द्रोदय प्रा.वि. पशुपतिनगरमा ८०% राई बान्तवा श्री श्रीजंघा प्रा.वि. महमाईमा ३६.२८% लिम्बू, श्री नवज्होति प्रा.वि. कन्याम मा २५%, लाप्चा, श्री देउराली प्रा.वि. रक्सेमा २९% शेर्पा, श्री हिमालय नि.मा.वि. चिसापनी (प्रा.तह) मा ४१.६३% तामाङ्ग र श्री सहविर प्रा.वि. शानितडाँडामा ३३.९४% सुनुवार विद्यार्थीहरु पाइयो । मातृभाषाको पाठ्यक्रमको आवश्यकताका सम्बन्धमा जि.शि.अ. जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्यहरु , वि.व्य. स. अध्यक्षहरु, प्र.अ. हरु तथा शिक्षक र अभिभावकहरुसँग खुल्ला प्रश्नावली र अर्न्तवार्ता द्वारा संकलित सूचनाहरु र दस्तावेज अध्ययनबाट प्राप्त

तथ्याङ्कलाई विश्लेषण गर्दा बालबालिकाहरुले घर परिवार , छर छिमेक र समुदायमा बोलचालमा प्रयोग गरिने मातृभाषालाई विद्यालयको औपचारिक शिक्षामा जोडदा कक्षा शिक्षण सिकाईमा सहयोग पुग्ने, विषयवस्तु प्रस्तुतिकरणमा सहजता हुने, कक्षाकोठा बालमैत्री हुने, शिक्षण क्रियाकलापमा बालबालिकाहरुको सहभागितामा बृद्धि हुने, बालबालिकाहरुको सामाीजकीकरणको विकासमा टेवा पुग्ने, कक्षा शिक्षण सिकाइमा सान्दर्भिकीकरणलाई जोडी विद्यार्थीहरुको विषयबस्तु प्रतिको धारणा स्पष्ट पार्न मद्दत पुग्ने, शिक्षक स्वयंको सिर्जनशीलता बढ्ने र पेशागत दक्षता बृद्धि हुने, समुदायको मागको सम्बोधन हुने भएकोले नेपाल जस्तो बहुभाषिक समुदाय रहेको मुलुकमा बालबालिकाको सार्वङ्गिण विकासमा भाषाको महत्वलाई दृष्टिगत गर्दै मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था संरक्षण, सम्बर्द्धन र जगेर्ना गर्न समेत मद्दत पुग्ने देखिन्छ । स्थानीय आवश्यकता र समुदायको मागका साथै समसामयिक सान्दर्भिक विषयबस्तुलाई पाठ्यक्रममा समावेश गरी मातृभाषामा शिक्षण गरेको बस्तुलाई पाठ्यक्रममा समावेश गरी मातृभाषामा शिक्षण गरेको खण्डमा कक्षा दोहोऱ्याउने कक्षा छोड्ने दर अनियमिततालाई कम गरी उपलब्धी बृद्धि गर्न सहायक सिद्ध हुने देखिन्छ ।

मातृभाषाको पाठ्यक्रमको आवश्यकताको विश्लेषण गर्दा हाम्रो जस्तो बहुभाषिक समुदायबाट विद्यालयमा आउने बालबालिकाको भाषिक पृष्ठभूमी फरक फरक रहने अवस्थामा विद्यालयीय औपचारीक शिक्षाका विषय र प्रत्येक विषयमा समावेश भएका विषयबस्तुसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिको विकास गराउन मातृभाषामा शिक्षा अति नै आवश्यक भएकोले मातृभाषाको पाठ्यक्रमको आवश्यकता रहेको निष्कर्षमा पुग्न सकिन्छ । तर बहुभाषिक समुदायका बालबालिकाहरुलाई एउटा मात्रै मातृभाषको पाठ्यक्रम लागू गरी शिक्षा दिँदा अन्य भाषिक समुदायलाई पर्ने असरलाई ध्यान दिन सकेसम्म सबै भाषिक समुदायको पाठ्यक्रमको आवश्यकता देखिन्छ ।

## ४.२ मातृभाषाको पाठ्यक्रम सम्बन्धि बर्तमान नीतिगत व्यवस्था

बर्तमान अवस्थामा बालबीलकाहरुको आवश्यकता समुदायको सरोकारीत पक्षको चासो, भाषिक संरक्षणका लागि मातृभाषामा शिक्षाको आवश्यकतलाई बहुभाषिक नेपालमा सर्वत्र महसुस गरिरहेको सन्दर्भमा नेपालमा मातृभाषामा शिक्षा सम्बन्धमा बर्तमान नीति र

व्यवस्था कस्तो रहेको छ भनी छनौटमा परेका जनसंख्या र दस्तावेज/अभिलेख अध्ययनबाट सूचना तथ्य तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ ।

मातृभाषामा शिक्षा सम्बन्धित नेपालको बर्तमान नीतिगत  व्यवस्था सम्बन्धमा जि.शि.अ. प्र.अ. तथा शिक्षकहरुसँग खुल्ला प्रश्नावलीको माध्यमबाट सोधिएका प्रश्नका आधारमा प्राप्त भएको सूचना अनुसार नेपालको अन्तरिम संविधानमा मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार मौलिक हकको रुपमा सुनिश्चित गरिएको र सो अधिकारलाई स्थापित गराउन शिक्षा नियमावलीमा प्राथमिक तहको शिषा मातृभाषामा दिन सकिने विद्यलाय संचलान गर्न अनुमति दिन सकर्नि र गरिएको, प्राथमिक पाठ्यक्रम (२०६२) र राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) मा मातृभाषामा शिक्षा दिने उद्देश्यले स्थानीय विषय अर्न्तगत मातृभाषा विषय राख्न पाउने नीतिगत व्यवस्था रहेको जानकारी प्राप्त गरियो । यसरी कुनै पनि विद्यालयको मातृभाषाको पाठ्यक्रम लागु गरेको अनुमति माग भई आएमा अनुमति  दिने व्यवस्था गरिएको र अनुमति पाएका र सम्भावना रहेका विद्यालयका शिक्षकहरुका लागि १० दिने भाषा तालिम दिने व्यवस्था रहि आएको पाइएको छ ।

यस सम्बन्धमा अभिभावकहरुसँग जिज्ञासा राख्दा मातृभाषामा शिक्षा दिनुपर्ने माग आफूहरुले विद्यालय समक्ष राखेको भएतापनि सबै नीतिगत व्यवस्थाका बारेमा खासै जानकारी नभएको सूचना प्राप्त भयो ।

यस विषयसँग सम्बन्धित दस्तावेजहरुको अध्ययनबाट नेपालको अन्तरिम सीवधान (२०६३) को मौलिक हक अन्तर्गत शिक्षा सम्बन्धि हकमा प्रत्येक जातजातिले आ-आफ्नो भाषा, संस्कृतिको संरक्षण,  सम्बर्द्धन र विकास गर्ने अधिकार हुनेछ । प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आधारभूत शिक्षाा मातृभाषा लिन पाउनेछन् भन्ने अधिकारको स्थापित गर्न शिक्षा नियावलीमा प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था भएकोले मातृभाषामा शिक्षा दिन चाहने प्राथमिक विद्यालयहरुले आफूले शिक्षण गर्न चाहेको मातृभाषा उल्लेख गरी सम्बन्धित जि.शि.का. बाट अनुमति प्राप्त गरी सञ्चालन गर्न सक्ने प्रावद्यान रहेको पाइन्छ । स्थानीय स्वायत्त शासन ऐनमा स्थानीय स्तरमा प्रचलनमा रहेका मातृभाषामा शिक्षा दिने विद्यालय सन्चालन गर्न सकिन व्यवस्था छ । यिनै कानूनी व्यवस्था अनुरुप नेपालको प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९) मा पूर्णाङ्क १०० को स्थानीय आवश्यकतालाई आधार मानी मातृभाषा वा स्थानीय पाठ्यक्रम लागू गर्न सकिने व्यवस्था रहेको पाइयो । यसै गरी प्राथमिक पाठ्यक्रम (२०६२) र राष्ट्रिय पाठ्यक्रम

प्रारुप (२०६३) र प्राथमिक पाठ्यक्रम (२०६५) मा मातृभाषामा शिक्षा दिन पाउने व्यवस्थालाई स्थापित गरिएको छ । जसमा आदिवासी, अल्पसंख्यक भाषिक समुदायलाई शिक्षाको पहुचमा ल्याउन विद्यालयको पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई बालबालिकाहरुको दैनिक जीवनसँग  बढि सान्दर्भिक गराउन स्थानीय स्तरमा सबैभन्दा बढि प्रचलनमा रहेको मातृभाषामा शिक्षा दिन सकिने प्रावधान राखिएको पाइयो । हाल नेपालमा बोलीचालीमा रहेका ९२ भाषाका पाठ्यक्रम, पाठ्यपुस्तक प्रकाशन गर्न राष्ट्रिय स्तरमा नसके पनि लेख्य परम्परामा रहेका र अन्य भाषाको तुलनामा प्रचलनमा बढि मात्रामा रहेका केही विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरले प्रकाशन गरेको र ती मातृभाषाका विद्यालयले शिक्षण गर्दै आएको विभिन्न दस्तावेज तथा अभिलेखहरुको अध्ययनबाट जानकारी हासिल भयो ।

यस अध्ययनको क्रममा छनौटमा परेका जनसंख्या तथा दस्तावेजहरुबाट प्राप्त भएको सूचना र तथ्याङ्कको विश्लेषण गर्दा मातृभाषामा शिक्षा दिने प्रयोजनका लागि भएका नीतिगत व्यवस्थाहरु पर्याप्त नभएको, जे जति व्यवस्था छन् तीनका बारेमा सबै सरोकारीत पक्षहरुलाई सूचना र जानकारी नभएको, स्थानीय स्तरमा बोलचालमा सबभन्दा बढि प्रचलनमा रहेको भाषालाई महत्व दिनुपर्ने व्यवस्थाले अल्पसंख्यक समुदायले बोल्ने भाषिक समुदायको भाषा सम्बन्धमा नीतिगत व्यवस्थाले सम्बोधन गर्न नसकेको, राष्ट्रिय स्तरमा प्रकाशनमा आएका मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक बाहेक स्थानीय स्तरमा निर्माण गर्नुपर्ने पाठ्यक्रम, पाठ्यसामग्री निर्माण गर्ने क्रममा, विशेषज्ञ सहयोग प्राप्त गर्न र प्रकाशन गर्न आर्थिक स्रोतको छुट्टै व्यवस्था नगरिएबाट पाठ्यक्रम, पाठ्यसामग्री निमार्ण गर्न कठिनाई भएको, बोलचालनमा रहेका तर लेख्न परम्परामा आउन नसकेका मातृभाषाका पाठ्यक्रम निर्माण गर्ने चुनौति रहेको पाइएकोले नीतिगत व्यवस्थामा देखिएका कमी कमजोरीहरुलाई भाषाको पाठ्यक्रम पाठ्यपुस्तक निर्माणनमा सहभागी बनाउनुपर्ने स्थनिय आवश्यकताका विषयबस्तुलाई मातृभाषाका पाठ्यक्रम समेट्नका लागि सहमत देखिन्छ । लेख्य परम्परामा आइ नसकेका मातृभाषामा शिक्षाको व्यवस्था मिलाउँदा शिक्षणको  माध्यमको रुपमा मातृभाषाको उपयोग गर्नु उपयुक्त हुनेछ । नीतिगत व्यवस्थामा देखिएको अपर्याप्तताका कारण मातृभाषाको पाठ्यक्रम स्थानीय स्तरमा निर्माण गर्दा आउने आर्थिक र प्राविधिक समस्या निराकरण गरी पाठ्यक्रम निर्माण जस्तो गहन कार्य गर्न विद्यालयलाई सक्षम बनाउँन आर्थिक र मानवीय स्रोतको यथेष्ट व्यवस्था ऐन, नियमावलीमा नै प्रष्ट गर्नुपर्दछ ।

जिल्ला स्तरमा गठन गरिने जिल्ला पाठ्यक्रम समन्वय समितिको भूमिकालाई विज्ञतातर्फ उन्मुख गराइएको खण्डमा संविधान प्राप्त मातृभाषामा शिक्षा पाउने हकलाई पूर्ण रुपमा स्थापित गर्न सकिने छ ।

## ४.३ मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था

नेपालको सन्दर्भमा औपचारिक शिक्षामा मातृभाषामा शिक्षाको इतिहास त्यति लामो छैन । वि.सं. २०४६ सालमा जनआन्दोलनको सफलता पछि आएको नेपाल अधिराज्यको संविधान २०४७ को शिक्षा सम्बन्धि हकमा प्राथमिक शिक्षा मातृभाषामा लिन पाउने व्यवस्था भएपछि मात्र औपचारिक शिक्षामा मातृभाषाको प्रयोगको सुरुवात भएको पाइन्छ ।

### ४.३.१ मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अनुमति र सन्चालनको अवस्था

नेपालका प्रत्येक समुदायमा कुनै न कुनै मातृभाषि समुदायको बाहुल्यता रहेको र प्रत्येक मातृभाषिक समुदायका बालबालिकाहरुको पहिलो भाषा उनीहरुको मातृभषा हुने र अधिकांश विद्यालयमा शिक्षण सिकाइमा नेपाली भाषाको प्रयोग हुँदा बालबालिकाहरुलाई सिकाइमा पर्न जाने कठिनाईलाई कम गर्न मातृभाषामा शिक्षाको आवश्यकता महसुस गरिएको पाइन्छ । हरेक भाषिक समुदायको भाषाको सम्मान, संरक्षण र सम्वर्धन गर्नका लागि मातृभाषमा शिक्षा लिन पाउने नीतिगत व्यवस्था गरिएतापनि नेपालमा बर्तमान अवस्थामा सन्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरु मध्ये संस्थागत विद्यालयहरुले मातृभाषामा शिक्षा दिने व्यवस्था यस जिल्लामा नगरेको र सामुदायिक विद्यालयहरुमा मात्रै प्राथमिक तहमा मातृ भाषामा शिक्षा दिने व्यवस्था गरेको पाइन्छ ।

यसै सन्दर्भमा यस जिल्लामा पनि थुप्रै मातृभाषी समुदायहरु रहेकाले यस जिल्लामा मातृभाषमा शिक्षाको कार्यान्वयनको अवस्था कस्तो रहेको छ, भनी (दस्ताबेज), अभिलेखको अध्ययन र छनौटमा परेका जनसंख्याहरुबाट प्राप्त तथ्याङ्कका आधारमा कार्यान्वयनको अवस्थाको विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

जि.शि.का. इलामको फ्ल्यास एक रिपोर्ट (२०६८) अनुसार जि.शि.का. इलामबाट २०६८ साल सम्ममा मातृभाषामा शिक्षा दिने अभिप्रायबाट विद्यालयहरुबाट माग भए

बमोजिम मातृभाषा विषयलाई शिक्षण गर्न अनुमपति पाएका विद्यालय र मातृभाषाहरु यस प्रकार छन्ः-

| क.सं. | मातृभाषा | विद्यालयको संख्या |
|---|---|---|
| १ | लिम्बू भाषा | १८ |
| २ | राई वान्तवा | १५ |
| ३ | मगर | ६ |
| ४ | शेर्पा | ४ |
| ५ | सुनुवार | ३ |
| ६ | तामाङ्ग | २ |
| ७ | लाप्चा | २ |

स्रोतः Flsh I report (२०६८) जि.शि.का.इलाम

हालसम्म करीब ५० वटा विद्यालयहरुले विभिन्न मातृभाषा शिक्षणको अनुमति लिएका र करीब ४० वटा विद्यालयहरुमा मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको पाइएको छ ।

मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा खुल्ला प्रश्नावलीको प्रयोग गरी छनौटमा परेका वि.व्य.स. अध्यक्षहरुबाट सूचना प्राप्त गर्ने बहुसंख्यक बालबालिकाहरुको बोलचालको भाषाको रुपमा रहेको मातृभाषाको पाठ्यक्रमलाई लागू गर्न समुदाय तथा अभिभावकहरु उत्सूक देखिएकोले अभिभावकहरु कै चाहना बमोजिम मातृ भाषाको छनौट गरी लागू गर्न वि.व्य.स. निर्णयक अनुसार जि.शि.का. समक्ष अनुमति प्राप्त गर्ने गरेको पाइयो । यसै अध्ययनको विषयमा केन्द्रित रही छनौट परेका शिक्षकहरुबाट प्राप्त सूचना तथा तथ्यांकलाई विश्लेषण गर्दा मातृभाषाको पाठ्यक्रम लागू गर्न बहुसंख्यक विद्यार्थीले प्रयोग गर्ने गरेको आधारमा मातृभाषा छनोट गरिएको पाइयो ।

इलाम जिल्लामा मातृभाषामा शिक्षाको कार्यान्वयनको अवस्था कस्तो रहेको छ भनी खुला प्रश्नावली प्रयोगद्वारा जि.शि.अ. सँग सोधिएको र जि.शि.अ. बाट पाइएको तथ्यांकलाई विश्लेषण गर्दा यस जिल्लामा रहेका विविध भाषिक समुदायहरुबाट मातृभाषामा विद्यालय संचालन गर्ने भन्दा १०० पूर्णाङ्कको स्थानीय विषय अर्न्तगत पर्ने मातृभाषा विषय लागू गर्न वि.व्य.स. को निर्णय बमोजिम माग भई आएका विद्यालयहरुलाई मातृभाषाको शिक्षा दिन अनुमति दिने व्यवस्था गरिएको, यसरी अनुमति दिनपूर्व विद्यलायले लागू गर्न चाहेको विषय/भाषा त्यस विद्यालयका बहुसंख्यक विद्यार्थीले प्रयोग गर्ने गरेको भाषा हो या

होइन भन्ने कुरालाई निर्क्यौल गर्न स्थलगत प्रतिवेदन सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्तिहरुलाई स्थलगत प्रतिवेदन प्रस्तुत गर्न लगाइने र जिल्लामा रहेका जातीय तथा भाषा संरक्षणमा योगदान पुऱ्याउदै आएका संस्थाहरुसँग परामर्श गरी अनुमति दिने गरेको पाइयो ।

मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन जिल्ला शिक्षा कार्यालयको मातहतमा रहेको जिल्ला पाठ्यक्रम समन्वय समितिका छनोटमा परेको सदस्यहरुसँग अध्ययनकर्ता आफै आमनेसामने भई लिएको खुल्ला अन्तरवार्ताबाट प्राप्त सुचना तथा तथ्यांकलाई विश्लेषण गर्दा यस जिल्ला भित्र केही मातृभाषी समुदायको बाहुल्यता रहेको स्थानहरुमा संचालन भएका विद्यालयहरुमा मातृभाषाको पाठ्यक्रम लागू गर्न माग भए बमोजिम जिल्ला पाठ्यक्रम समन्वयन समितिले जि.शि.का. समंक्ष सिफारीस पेस गर्ने गरेको पाइएको छ ।

यस अध्ययनको क्रममा कक्षा अवलोकनबाट प्राप्त सूचनालाई हेर्दा यस जिल्लामा राष्ट्रिय स्तरमा पाठ्यक्रम तथा पाठ्य सामग्री उत्पादन भएका मातृभाषा शिक्षणमा समस्या नभए पनि राष्ट्रिय स्तरमा पाठ्यक्रम तथा पाठ्य सामग्री उत्पादन नभएका र अल्पसख्यक लोकन्मुख अवस्थामा रहेको केही मातृभाषी समुदायहरु लाप्चा तथा सुनुवार भाषाका समुदायको बहुल्यता रहेको क्षेत्रमा अवस्थीत प्राथमिक विद्यालयहरुमा लाप्चा र सुनुवार भाषामा शिक्षण गर्ने गरेका पाइयो ।

यसरी मातृभाषाको पाठ्यक्रम लागू गरी मातृभाषाको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरुमा सिकाई प्रति अभिरुचि बढ्ने र शिक्षण सिकाईलाई प्रभावकारी बनाउन मद्दत पुग्ने भएतापनि एउटै मातृभाषी विद्यार्थीहरुमा एउटै कक्षा नहुने भएकोले अन्य मातृभाषी समुदायका बालबालिकाहरुलाई सिकाईमा असहज हुने भएकोले एक भन्दा बढि मातृभाषी बालबालिकाहरुका लागि एउटै मातृभाषाको पाठ्यक्रम लागू गर्दा शिक्षाको उद्देश्यको प्राप्तीमा थप जटिल तिर थपिने भएकोले सकेसम्म सबै मातृभाषी बालबालिकाहरुकालागि उनीहरुको आ-आफ्नो मातृभाषामा शिक्षण गर्न सकेको खण्डमा मात्र मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको प्रभावकारीता सार्थक हुने देखिन्छ ।

### ४.३.२ मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण र प्रयोगको अवस्था

इलाम जिल्लामा मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण र प्रयोगको अवस्था कस्तो रहेको छ भनी खुला प्रश्नावली प्रयोगद्वारा जि.शि.अ. सँग सोधिएको र

जि.शि.अ. बाट पाइएको तथ्यांकलाई विश्लेषण गर्दा मातृभाषामा शिक्षा दिने व्यवस्था लागू भएका विद्यालयहरुमा आवश्यकता पर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित भएका मातृभाषाका पाठ्यपुस्तकहरु निशुल्क वितरण गर्ने व्यवस्था गरिएको तर पाठ्यक्रम विकास केन्द्रले प्रकाशन नगरेका यस जिल्लामा शिक्षणको अनुमति पाएका मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धित विद्यालयले नै निर्माण गरी प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्ने र यसका लागि विद्यालयहरुलाई छुट्टै बजेट निकासा गर्न व्यवस्था नभएको पाइयो ।

अध्ययनको क्रममा छनौटमा परेका प्र.अ.बाट खुल्ला प्रश्नावलीद्धारा प्राप्त भएका सुचनाहरुलाई विश्लेषण गर्दा राष्ट्रिय स्तरबाट प्रकाशन भएका र यस जिल्लाका केही विद्यालयमा लागू गर्न माग भएका पाठ्यक्रमहरु लागू गर्न र सो विषयका पाठ्यपुस्तक निशुल्क वितरण गर्न व्यवस्था मिलाइएतानि यस जिल्लामा मात्र प्रचलनमा रहेको लाप्चा भाषा र अल्पसंख्यक समुदायको रुपमा परिचित सुनुवार जातीको मातृभाषाको पाठ्त्रक्रम लागु गर्न अनुमति प्रदान गर्न सिफारीस गरिए पनि यी मातृभाषाका पाठ्यक्रम तथा पाठ्यक्रम सामग्री निर्माणमा हालसम्म जिल्ला पाठ्यक्रम समन्वय समितिले कुनै कार्यक्रम संचालन गर्न र प्राविधिक तथा अन्य कुनै सहयोग पुऱ्याउन नसकेको यथार्थता प्राप्त भयो ।

यस जिल्लाभित्र जिल्ला शिक्षा कार्यालय इलामबाट मातृभाषाको पाठ्यक्रम लागू गर्न अनुमति लिएका प्राथमिक विद्यालयहरुमध्ये केही विद्यालयहरुमा मातृभाषाको पाठ्यक्रम लागू नगरिएको र लागू गरिएका विद्यालयहरु मध्ये यस अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुको मातृभाषाको पाठ्यक्रम कार्यान्यनको अवस्था पत्ता लगाउन सम्बन्धि विद्यालयमा अनुन्धान कर्ता आफै उपस्थित भई कक्षा अवलोकन गर्दा राष्ट्रिय स्तरमा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिएका र इलाम जिल्लामा लागू भएका विषयहरु मध्ये लिम्बू, राई वान्तवा, मगर, तामाङ र शेर्पा भाषाका पाठ्यपुस्तकहरु निशुल्क वितरण भएको र विद्यालयले तिनै पुस्तकहरुलाई प्रयोगमा ल्याइएको पाइयो ।

यस अध्ययनको क्रममा कक्षा अवलोकनबाट प्राप्त सूचनालाई हेर्दा मातृभाषा पढाउने विद्यालयहरुमा लागू गरिएका भाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक राष्ट्रिय स्तरमा उत्पादन नभएका र स्थानीय स्तरमा नै पाठ्यक्रम उत्पादन गर्नुपर्ने बाध्यात्मक अवस्थामा सम्बन्धीत मातृभाषी शिक्षकहरुमा पाठ्यक्रम निर्माण गर्ने विज्ञता नभएको कारणले

पाठ्यक्रम तथा पाठ्यपुस्तको उत्पादन नगरिएकोले कक्षा कोठामा पाठ्यसामग्री वेगर माध्यम भाषाको रुपमा आफू खुसी विषयबस्तुको छनौट गरी शिक्षण क्रियाकलाप सञ्चालन गरेको पाइयो ।

यस अध्ययनको क्रममा जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्य तथा अभिभावकहरुसँग अन्तरवार्ता लिई प्राप्त सुचनालाई विष्लेषण गर्दा राष्ट्रिय स्तरमा प्रकाशन भई सकेको लिम्बू राई वान्तवा,शेर्पा, तामाङ्ग, मगर जस्ता मातृभाषाको पाठ्यक्रम लागू गरी शिक्षण गर्न विषय शिक्षकलाई त्यति कठिनाई नभएपनि शब्दकोषको अभाव, भाषाको पूर्ण विज्ञता आफूमा नभएकोले कठिनाईको अनुभव गरेको देखिन्छ । तर राष्ट्रिय स्तरमा उत्पादन र प्रकाशन नभएका यस जिल्लामा प्रचलनमा रहेको लाप्चा तथा सुनुवार भाषाका पाठ्यक्रम लागू गरिएका विद्यालयका मातृभाषाका शिक्षकहरुले आफैं विषयबस्तु छनोट गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने र यस सम्बन्धी प्रांविधिक सहयोग विद्यालयभित्र र विद्यालय बाहिर कतै बाट पनि प्राप्त नहुनुका साथै लिपि शब्दकोष आदिको अभावमा पाठ्यसामाग्री विकास गर्न नसकिएकोले शिक्षणको माध्यमको रुपमा मात्रै मातृभाषालाई प्रयोग गरेको कुरालाई स्वीकार्दछन् । राष्ट्रिय स्तरमा उत्पादन भएका मातृभाषाका पाठ्यक्रम लागू गर्न सहज भएपनि राष्ट्रिय स्तरमा पाठ्यक्रम तथा पाठ्य सामग्री उत्पादन नभएका स्थानीय मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्दा स्थानीय आवश्यकताका आधारमा विषयबस्तु छनौट गरी मातृभाषामा शिक्षण गरिएतापनि पाठ्यक्र निर्माण गर्न प्राविधिक कठिनाई रहेकाले सम्बन्धित शिक्षकले आफैं विषयबस्तु छनौट गरी मातृभाषामा शिक्षण गर्ने गरेको पाइएको छ ।

मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सबै मातृभाषाका पाठ्य सामाग्री उपलब्ध नभएकोले राष्ट्रिय स्तरबाट उत्पादन र वितरण नभएका मातृभाषाको पाठ्यक्रम विद्यालयले नै निर्माण व्यवस्थापन गर्नै पर्ने तर सोको निर्माण र व्यवस्थापन गर्न प्राविधिक समस्या वेहोर्नु पर्ने जानकारी प्राप्त भयो ।

### ४.३.३ शिक्षक व्यवस्थापन र तालिम

मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण पक्षको रुपमा शिक्षकहरु रहेका छन् । मातृभाषाको पाठ्यक्रम शिक्षण गर्ने **शिक्षक व्यवस्थापन र तालिम** सम्बन्धमा दस्तावेज अध्ययन र खुल्ला प्रश्नावलीको प्रयोग गरी छनौटमा परेका प्र. अ.,भाषा

शिक्षक तथा वि.व्य.स. अध्यक्षहरुबाट सूचना प्राप्त मातृभाषाको पाठ्यक्रम शिक्षणको लागि शिक्षक दरबन्दीको छुट्टै व्यवस्था नभएको र सम्बन्धीत विद्यालयको दरबन्दीबाट नै सम्बन्धित मातृभाषी शिक्षकबाट वि.व्य.स.को निर्णय बमोजिम शिक्षण गर्ने व्यवस्था मिलाइएको पाइयो र अनुमाति प्राप्त भएपछि सम्बन्धित भाषा शिक्षणको तालिममा शिक्षक छनौट गरी सहभागी गराइएको पाइयो ।

जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्य तथा अभिभावकहरुसँग अन्तरवार्ता लिई शिक्षक व्यवस्थापन र तालिम सम्बन्धमा प्राप्त सुचनालाई विष्लेषण गर्दा मातृभाषाको विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरु मध्ये बाहुसख्यक विद्यार्थीको बोलचालको भाषामा शिक्षण गर्दा बालबालिकाहरुलाई शिक्षण सिकाई सहजता हुने अभिभावकहरुको चाहाना अनुरुप विद्यालयमा मातृभाषाको पाठ्यक्रम लागू गरिएको भएपनि मातृभाषाको लागि थप शिक्षकको व्यवस्था नभएकोले विद्यालयमा उपलब्ध शिक्षकहरुबाट नै मातृभाषाको शिक्षण गर्न विद्यालयले सम्बन्धित मातृभाषी शिक्षकलाई जिम्मेवारी तोकी तालिममा सहभागी गराई शिक्षकको व्यवस्थापन गरिएको पाइयो । पाठ्यक्रम लागू गरिएको भएपनि मातृभाषाको लागि थप शिक्षकको व्यवस्था नभएकोले विद्यालयका उपलब्ध शिक्षकहरुबाट नै  मातृभाषाको शिक्षण गर्न विद्यालयले सम्बन्धीत मातृभाषी शिक्षकलाई जिम्मेवारी तोकि तालिममा सहभागी गर्दै शिक्षकको व्यवस्थापन गरिएको पाइयो ।

मातृभाषा शिक्षणको अनुमति पाएका र भविष्यमा मातृभाषामा शिक्षा दिनु सक्ने सम्भाव्यता भएका विद्यालयका भाषा शिक्षकहरुलाई १० दिने तालिम दिने गरिएको पाइयो । मातृभाषामा शिक्षा दिने अनुमति पाएका विद्यालयरुका लागि भाषा शिक्षकको दरबन्दी दिने प्रावधान नभएकाले विद्यलयमा उपलब्ध दरबन्दीबाट नै मातृभाषा शिक्षणको व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनु पर्ने सूचना प्राप्त भयो । आफूहरु मातृभाषाको शिक्षकको रुपमा छुट्टै शिक्षक व्यवस्थापन अन्तरगत नपर्ने र मातृभाषा शिक्षकको छुट्टै व्यवस्था नभएको जानकारी प्राप्त भयो ।

सम्बन्धित मातृभाषाको उत्थान र विकासका लागि खोलिएका भाषा विकास प्रतिष्ठान तथा संस्थाहरुले मातृभाषाका शिक्षकहरुलाई भाषा शिक्षण सम्बन्धी तालिम दिने गरेकोले मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनमा शिक्षकहरुलाई सहजता भएको प्रष्ट देखिन्थ्यो । हाल नेपाल सरकारले शैक्षिक तालिम केन्द्रहरुमा बहुभाषी शिक्षक

तालिम कार्यक्रम संचालन गर्दै आएकोले मातृभाषाको पाठ्यक्रम सहयोग पुगेको कुरा मातृभाषी शिक्षकको कक्षा अवलोकनबाट जानकारी प्राप्त भयो ।

## ४.३.४. अन्य मातृभाषी विद्यार्थीका लागि वैकल्पिक व्यवस्था

यसै सन्दर्भमा अध्ययनलाई आवश्यक पर्ने सुचना तथा तथ्यांक प्राप्त गर्ने उद्देश्यले छनोटमा परेका अभिभावकहरुसँग अध्ययनकर्ताले प्रत्यक्ष भेटी खुल्ला अन्तरवार्ता लिई प्राप्त गरेको सुचनाहरुलाई विश्लेषण गरी प्रस्तुत गरिएको छ । प्राथमिक तहसम्म बालबालिकाहरुले आफ्नो मातृभाषामा शिक्षा लिन पाउने र घर परिवारमा मातृभाषामा मात्र बोल्ने बालबालिकाहरुले अन्य भाषामा पढाउँदा पढाई प्रति खासै चासो नदेखाउने भएकाले मातृभाषाको माध्यमबाट पढाउनु पर्ने माग स्वयम अभिभावकहरुबाट आएका आधारमा विद्यालयमा सबैभन्दा बढि एउटै बोलिन मातृभषाको पाठ्यक्रम विद्यालयले लागू गरेको तर  कम संख्यमा रहको बालबालिकाले बोल्ने मातृभाषाको पाठ्यक्रम भने विद्यलायले लागू नगर्ने गरेको पाइयो । एउटा कक्षा कोठामा एकै मातृभाषी बालबालिका मात्र नभई अन्य मातृभाषी बालबालिकाहरु पनि हुने र बहुसख्यक बालबालिकाहरुले बोल्ने मातृभाषाको पाठ्यक्रम लागू गर्दा अन्य अल्पसख्यक भाषीक समुदायका बालबालिकाहरुको हक कुन्ठित हुने गैरहेकोले अन्य मातृभाषी अभिभावकहरुले सबैका लागि उपयुक्त अर्थात् बढ्दो अङ्ग्रेजी भाषाको मागलाई ध्यानमा राखेर अङ्ग्रेजी भाषाको पाठ्यक्रम लागू गर्न दवाव दिने गरेकोले विद्यालयमा कुन भाषाको पाठ्यक्रम लागू गर्नु पर्ने भन्ने सन्दर्भमा अन्तरद्वन्द्व उत्पन्न हुन सक्ने सम्भावनालाई नकार्न नसकिएको परिस्थितिमा सबैको मागलाई सम्बोधन गर्न नसकिएको पाइयो । बेला बेलामा हुने अभिभावकहरुको भेला उपस्थितिमा मातृभाषाको पाठ्यक्रम लागू गर्दा सबै मातृभाषी बालबालिकाकालागि आ-आफ्नै मातृभाषामा पढ्न पाउनु पर्ने र एक मातृभाषी विद्यार्थीलाई जवरस्ती अर्को मातृभाषामा पढाउन नहुने जिकिर हुने गरेको मातृभाषाको पाठ्यक्रम लागू गर्न चुनौतीपूर्ण रहेको कुरामा प्र.अ.हरु सहमत रहेको पाइएबाट प्राथमिक तहको शिक्षा आ-आफ्नो मातृभाषामा लिन पाउने सम्बैधानिक तथा नितिगत व्यवस्था अनुरुप बहुसंख्यकका नाममा एउटा भाषिक समुदायको बालबालिकाले पढ्नै पर्ने बाध्यतालाई अन्त्य गर्न सबै मातृभाषी समुदायका बालबालिकालाई आ-आफ्नो मातृभाषामा पढ्ने पाउने ब्यावस्था लागू गर्नु पर्ने अन्यथा सबैका लागि मिल्दो विकल्पको छनौट गर्नुपर्ने देखिन्छ । मातृभाषाको पाठ्यक्रम

कार्यान्वयनलाई प्रभावकारी बनाउन भाषा सम्बन्धी पर्याप्त ज्ञान हासिल गर्न सकिने पाठ्यक्रम सामग्रीतथा शब्दकोषहरु उपलब्ध हुन सकेको छैन ।

अन्य मातृभाषी विद्यार्थीका लागि वैकल्पिक व्यवस्था सम्बन्धमा छनौटमा परेका प्र.अ.,जि.शि.अ.,मातृभाषाका शिक्षक तथा वि.व्य.स.का अध्यक्षबाट प्राप्त सुचना विष्लेषण गर्दा

बहुसंख्यक बालबालिकाले प्रयोग गर्ने एउटा मातृभाषाको पाठ्यक्रम लागू गर्दा एउटै कक्षाकोठा भित्र पढ्ने  फरक फरक मातृभाषिक समुदायका बालबालिकाहरुलाई पार्न जाने असुविधालाई विद्यालयले वास्ता गर्न नसकेको र स्वयम् शिक्षकलाई शिक्षण गर्ने क्रममा समेत असुविधा हुने गरेको छ । एउटा मातृभाषा लाई विषयको रुपमा स्थान दिई सकेपछि अन्य मातृभाषाका बालबाकिलाले समेत सोहि विषयलाई पढ्नु पर्ने बाध्यतात्मक अवस्था रहेको छ । जुन समूहको मातृभाषामा पठनपाठन हुन्छ त्यो समूहका बालबालिकहरु शिक्षण सिकाई कार्यमा सक्रिय रहने भएपनि अन्य भार्षिक समुदायका बालकलिकाहरुमा भाषा नबुझ्ेका कारणले सिकाई प्रति जागरुकता देखिएको पाइँदैन । हाल आएर अभिभावकहरुमा समेत गुनासो बढ्दै गएको पाइनु बहुसंख्यकको नाममा हुने निर्णयले अल्पसंख्यको मत र आवाजलाई सम्बोधन गर्न नसक्नु बहुलबाद विपरीत हुन जान्छ । त्यस्ता अल्पसंख्य कथा केही बहुसंख्यक भाषिक समुदायका अभिभावकहरुमा बर्तमान समयमा अंग्रेजी भाषाको बढ्दो आवश्यकालाई मध्यनजर गर्दै सबैका लागि मिल्दो अंग्रेजी भाषाको पाठ्यक्रम लागू गर्नुपर्ने माग बढ्दै जानाले मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा कठिनाई आउँदै गरेको पाइन्छ । सोहि समस्या कक्षा अवलोकनको क्रममा समेत शोधकर्ताले महसुश गरेबाट एउटै कक्षाकोठा भित्र विभिन्न भाषिक समुदायका बालबालिका राखेर एउटा मात्र मातृभाषामा शिक्षण गर्नु उपयुक्त नहुने हुनाले सहि विकल्प दिनुपर्ने देखिन्छ ।

तसर्थ सबैलाई मिल्दो र सुहाउँदो बिकल्पको छनोट गर्न सकेमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याबाट बच्न सकिन्छ । विद्यालयमा लागू गरिएको मातृभाषा बोल्ने बालबालिकाहरुको सिकाई प्रति अभिरुचि बढेको तर अन्य मातृभाषा भएका बालबालिकाहरुले भने आफूले नबुझ्ने भाषाको विषयमा खासै रुचि राखेर पढ्न चाहेको नपाइएको अभिभावकहरुको भनाई रहेबाट मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको पूर्ण सार्थकता रहेको देखिँदैन । यदि विद्यालयले संख्यात्मक आधारमा मातृभाषाको छनोट गर्नुभन्दा अल्पसंख्यक बालबालिकाले प्रयोगमा ल्याएको मातृभाषा पाठ्यक्रम लागू गर्न

सकेको खण्डमा उनीहरुको आफ्नो भाषाप्रति मोह बढ्ने सिक्न तत्परता देखाउने सम्भावना बढ्न सक्थ्यो एक मात्र मातृभाषाको पाठ्यक्रम लागु गर्नुका सट्टा सबै बालबालिकाले रुचाउने साथै हाल आएर अङ्ग्रेजी विद्यालयमा आफ्नो छोराछोरी पढ्न पठाउनु पर्ने बाध्यता भएका अभिभावकका बच्चालाई समेत आकर्षित गर्न सक्ने अंग्रेजी भाषाको पाठ्यक्रम लागु गर्न विद्यालयलाई अनुरोध गर्ने गरेको भनाईबाट मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा चुनौती रहेको पाइयो ।

मातृभाषाको पाठ्यक्रम कार्यान्वयको अवस्था पत्ता लगाउन जिल्ला शिक्षा कार्यालयको मातहतमा रहेको जिल्ला पाठ्यक्रम समन्वय समितिका छनोटमा परेको सदस्यहरुसँग अध्ययनकर्ता आफै आमनेसामने भई लिएको खुल्ला अन्तरवार्ताबाट प्राप्त सुचना तथा तथ्यांकलाई विश्लेषण गर्दा एउटा मातृभाषाको पाठ्यक्रम लागू गरिएका विद्यालयका अन्य भाषिक समुदायका अभिभावकहरुबाट आ-आफ्ना मातृभाषामा प्रत्येक बालबालिकाले पढ्न पाउनु पर्ने अन्यथा सबैका लागिव मिल्दो विषय छनोट गरी पढाउनु पर्ने गुनासो आउने गरेको साथै विद्यालययीय शिक्षा अंग्रेजी भाषालाई प्रमुखता दिनुपर्ने माग आउने गरेबाट मातृभाषाको पाठ्यक्रम लागू गर्न त्यत्ति सजिलो नभएको अवस्था देखिन्छ । संख्यात्मक आधारमा कसैलाई न्याय पुग्ने गरी र कसैको समन्वयको सिद्धान्त विपरीस्त हुने गरी विषयबस्तुको छनौट गर्नु जायज नहुने भएकोले सबैको भावना र आवश्यकताको सम्बोधन विद्यालयले गर्नुपर्ने टट्कारो आवश्यकता रहेको छ । अन्यथा मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्न सम्भव देखिदैन ।

मातृभाषाको पाठ्यक्रमको आवश्यकता जुन रुपमा अनुभूत गरियो त्यो आधारमा पाठ्यक्र पाठ्य सामाग्री तथा शिक्षकको व्यवस्थापन गर्न गाह्रो भएकोले मातृभाषाको पाठ्यक्रम लागू गर्न माग भएका विद्यालयहरुमा थप शिक्षक दरबन्दी व्यवस्था भएसम्म उसको सान्दर्भिकता र उपलब्धी प्रभावकारी हुन नसकेको पाइएको छ ।

### ४.४ मातृभाषाको पाठ्यक्रम कार्यान्वयनका समस्याहरु

यस अध्ययनको विषयसँग सम्बन्धित भई सूचना तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरुबाट प्राप्त तथ्य अनुसार यस जिल्लामा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा थुप्रै समस्याहरु रहेको कुरा प्रष्ट भएको छ । यसै सन्दर्भमा खुल्ला प्रश्नावलीद्धारा संकलित सूचनाहरुलाई विश्लेषण गर्दा यस जिल्लामा लागू गरिएका

मातृभाषाका पाठ्यक्रमका विषयहरुमध्ये केहि विषयका पाठ्यक्रम पाठ्यपुस्तक प्रकाशन नभएकोले फरक फरक विद्यालयमा शिक्षणका विषयबस्तु छनौटमा असमानता रहेको, विषयबस्तुको क्रमबद्धता कक्षागत रुपमा नमिलेको पाठ्यभारको अनुपातमा विषयबस्तुको भार अपर्याप्त रहेको, बालबालिकाको स्व-अध्ययनका लागि पाठ्पुस्तक र पाठ्यसामग्री नभएकोले विद्यार्थीहरु अलमलिएको पाइएको छ । स्वयं शिक्षकहरु आफूसँग पाठ्यक्रम निर्माण सम्बन्धि ज्ञान पर्याप्त नभएकाले पाठ्यक्रम निर्माण गर्न नसकेको स्वीकार गर्दछन् भने वि.व्य.स. र प्र.अ. बाट मातृभाषाका पाठ्यक्रम लागू गर्ने निर्णय गरिएता पनि पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, व्यवस्थापन र वितरणको व्यवस्था गर्न नसकेकाले बालबालिकाहरुलाई आआफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न नसक्नु ,विषय शिक्षकलाई सहयोग गर्न नसकेको भनाइ राखेबाट मातृभाषा के, कसरी, कति, शिक्षण गर्नु पर्ने हो भन्ने कुरामा अल्मलिएको पाइएको छ । प्राथमिक तहको शिक्षा सम्बन्धि संबैधानिक र नीतिगत प्रावधानको आधारमा मातृभाषामा शिक्षा दिने व्यवस्था मात्र गरिनु, तर मातृभाषाका शिक्षकको व्यवस्था नगरिनु, एउटै कक्षाकोठाभित्र फरक फरक भाषिक समुदायका विद्यार्थीहरुलाई कुनै एक मातृभाषामा शिक्षा दिनु जसले अन्य मातृभाषी बालबालिकाको सिकाइमा बाधा पर्नु जस्ता समस्याहरु देखिएबाट मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययनको सिलसिलामा खुल्ला अन्तरवार्ताको माध्यमबाट सूचना तथा तथ्यांकहरु प्राप्त गर्ने क्रममा प्राप्त सुचनालाई विश्लेषण गर्दा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा थुप्रै समस्याहरु रहेको जानकारी प्राप्त भयो । एउटै समुदायमा एक भन्दा बढि मातृभाषा बोलचालमा प्रयोग हुने गरेबाट कुनै एक मातृभाषाको संरक्षरण र सर्बद्धनको नाममा प्राथमिक तहका बालबालिकाहरुलाई मातृभाषामा शिक्षण गर्दा अन्य मातृभाषी बालबालिकाहरु आफूले जाने सुनेको र बोलेको भन्दा पृथक भाषा बुझ्न नसकेर अल्मलिने गरेको र यसको प्रत्यक्ष प्रभाव उनीहरुको सिकाईमा पर्ने गरेको, कतिपय मातृभाषाका विषयको पाठ्यक्रम पाठ्य सामग्री नभएका कारण शिक्षकहरुले जथाभावी विषयबस्तु आफू खुसी छनौट गरी शिक्षण गर्ने गरेको, विषयबस्तुको सिमा निर्धारण हुन नसकी एउटै विद्यालयका भिन्न भिन्न कक्षामा विषयबस्तु दोहोऱ्याई शिक्षण गर्ने गरिएको बालबालिकाहरु पाठ्य सामग्रीको अभावमा स्वयंम सिकाई गर्न असर्मथ रहेको, पाठ्यक्रम निर्माणमा आवश्यक सहयोग पुऱ्याउनु पर्ने जिल्ला पाठ्यक्रम समन्वय समितिले समेत

विद्यालयको माग र आवश्यकतालाई पूरा गर्न पाठ्यक्रम निर्माण सम्बन्धी सहयोग उपलब्ध गराउन नसकेको पाइएको छ ।

बहुसंख्यकको हितलाई ध्यानमा राखी कुनै एक समुदाय/जातिको मातृभाषामा मात्र शिक्षण गर्ने गरेकोले प्रत्येक बालबालिकाले आ-आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने हक स्थापित गर्न नसकिएको जसले गर्दा मातृभाषाको पाठ्यक्रम हटाई सबैको लागि मिल्दो विषय छनौट गरी लागू गर्न अभिभावकहरुको आवाज उठ्ने गरेको पाइएको छ । मातृभाषाको पाठ्यक्रम लागू गर्ने विद्यालयलाई छुट्टै मातृभाषी शिक्षक दिने प्रावधान नभएबाट भाषिक ज्ञानको अपर्याप्तताका बाबजुद्ध उपलब्ध दरबन्दीको शिक्षकले नै शिक्षण गर्नु पर्दा विषय शिक्षकमा उत्साह कम हुने गरेको पाइएको छ । प्राप्त जानकारी अनुसार सुरु सुरुमा मातृभाषाको माध्यमबाट शिक्षा दिनु पर्ने माग आफूहरुले राखेको भएपनि हाल अङ्ग्रेजी शिक्षाको आवश्यकता बढ्दै गएको र उच्च शिक्षा सम्म मातृभाषामा शिक्षा दिन पाउने प्रावधान नभएबाट अंग्रेजी विषयलाई शिक्षामा प्राथमिकता दिदैं जानु पर्ने अभिभावकहरुको समेत धारणा रहेको पाइएबाट मातृभाषाको शिक्षाको निरन्तरता नहुनु र अंग्रेजी शिक्षाको माग बढ्नु मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा समस्या रहेको पाइयो ।

यस अध्ययनकर्ताले मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु रहेका छन् भन्ने तथ्य प्राप्त गर्न छनौटमा परेका विद्यालयको मातृभाषाको शिक्षण गर्ने शिक्षकहरुको सम्बन्धित विषयको कक्षा अवलोकन गरेर हेर्दा एउटा कक्षाकोठामा धेरै भाषा बोल्ने जातजातिका बालबालिकाहरु रहेको पाइएको र कक्षामा सम्बन्धित मातृभाषाका बालबालिकाहरु जिज्ञासु र उत्सुक भई शिक्षण सिकाई क्रियाकलापमा सरिक भएको भएतापनि अन्य भाषा बोल्ने बालबालिकाहरुले खासै रुची नदेखाएबाट निश्चित समूहका लागि यो विषय उपयोगी भएपनि सबैका लागि उपयोगी हुन नसकेबाट मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा समस्या रहेको पाइएको छ । केही विद्यालयमा लागू गरिएका मातृभाषाका पाठ्यक्रम, पाठ्यपुस्तक प्रकाशित भई वितण गरिएको पाइयो भने तिनै विषयका पाठ्यक्रम सामग्री सबै विद्यालयमा उपलब्ध नभएकोले पढाउने शिक्षक र पढ्ने विद्यार्थी दुबै विषयबस्तुमा अलमलमा परेका देखिन्थ्यो । अवलोकनको क्रममा केहि विद्यालयमा लागू गरिएका इलाम जिल्लामा मात्र बोलिने लाप्चा भाषाको लिपीको मातृभाषा शिक्षण गर्ने शिक्षकहरुलाई दिईदै आएको तालिम अत्यन्तै छोटो अवधिको हुने भएकोले अपर्याप्त भएको शिक्षकको कक्षाकोठामा प्रस्तुतिमा स्पष्ट देखिएबाट अपर्याप्त तालिम अर्को

समस्या बनेको पाइएको छ । खोज नभएकोले लेख्य परम्परामा नआइसकेकोले र यस विषयको पाठ्य सामग्री तयार पार्न नसकी शिक्षकले स्थानीय स्तरमा उपलब्ध कुराहरुलाई लेख्यबद्ध विषय सूची निर्धारण नगरी कक्षामा उपस्थित भएको देखिन्थ्यो । यस्तै सुनुवार मातृभाषाको पाठ्यक्रम लागू भएका विद्यालयमा समेत उस्तै प्रकारको समस्या झल्किन्थ्यो । विद्यार्थीहरुको स्वयं सिकाईका लागि, परीक्षा तयारीका लागि उनीहरुसँग पाठ्यपुस्तक हुनुपर्नेमा विषयमा विद्यार्थीहरु कक्षामा अलमलिएको स्पष्ट पाइन्थ्यो । विषय शिक्षकहरुमा समेत बोलबचालमा प्रचलित शब्दज्ञानमा भएको र शब्दकोषको अभावमा सम्बधित विषयको शब्द भण्डारको अभावमा मातृभाषाको कक्षामा माध्यमको रुपमा नेपाली भाषाको प्रयोग गर्ने गरेको पाइएकोले जुन उद्देश्यका साथ मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गरिएको हो, त्यो उद्देश्य प्राप्तिमा समस्या र चुनौति रहेको देखिन्छ ।

मातृभाषा शिक्षणका लागि भाषिक विज्ञता भएका शिक्षकको व्यवस्था गर्न नसक्दा सबै भाषाभाषीका बालबालिकाहरुलाई आ-आफ्नो मातृभाषाको पाठ्यक्रम लागू गरी छुट्टाछुट्टै समूहमा शिक्षण गर्ने व्यवस्था गर्न नसक्दा, सबै मातृभाषाको व्यवस्था गर्न नसक्दा, सबै मातृभाषाको पाठ्यक्रम क्रमिक रुपमा निर्माण गरी कार्यान्वयन गर्न नसक्दा, विद्यार्थीहरुको लागि स्वयं सिकाईका लागि पाठ्य सामग्री उपलब्ध गराउन नसक्दा, लेख्य परम्पराको विकास नभइसकेका मातृभाषाको पाठ्यक्रम माध्यम भाषाको रुपमा मान्यता प्राप्त नेपाली भाषामा भएपनि लेख्य परम्पराको विकास गर्न नसक्दा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा समस्या रहिरहनेछ ।

## ४.५ मातृभाषाको पाठ्यक्रम कार्यान्वयमा देखिएका समस्याको समाधान

मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्ने क्रमश देखिएका समस्याहरुलाई समाधान गर्न नसके सम्म मातृभाषी बालबालिकाको मातृभाषामा पढ्न पाउने अधिकार स्थापित गर्न नसकिने भएकोले मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्ने उपायको खोजी गर्न छनौटमा परेका सूचना तथा तथ्यांक संकलनका साधनहरुबाट प्राप्त भएका सूचनाहरुलाई विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

खुल्ला प्रश्नावलीद्धारा प्राप्त सूचनाहरुलाई विश्लेषण गर्दा फरक फरक जातिका आ-आफ्ना मातृभाषामा हुने भएकोले मातृभाषामा शिक्षा पाउने अधिकारलाई स्थापित गर्न र बालबालिकाहरुको बोलचालको भाषामा शिक्षण गर्दा उपलब्धी स्तरमा बृद्धि हुन सक्ने

सम्भावनालाई मध्यनजर गर्दा प्रत्येक मातृभाषी बालबालिकाहरुले आ-आफ्नो मातृभाषामा शिक्षा पाउने प्रावधान राख्न सकिएको खण्डमा, मातृभाषा शिक्षणका लागि भाषा शिक्षणको नियुक्तिको व्यवस्था गरेर मात्र मातृभाषाको पाठ्यक्रम लागू गर्न सकएिको खण्डमा मातृभाषा शिक्षण गर्ने शिक्षकका लागि आवश्यक तालिम पर्याप्त मात्रामा दिने र समय समयमा पुनर्ताजगी तालिम दिई शिक्षण सिकाइका क्रममा उत्पन्न समस्याहरुलाई निराकरण गर्न सकेमा, लिपीको विकास भई नसकेका र लेख्य परम्परामा नआएका मातृभाषालाई विषयको रुपमा भन्दा बालबालिकाहरुले शिक्षाको माध्यम भाषाको रुपमा स्थापित भैसकेका नेपाली र अंग्रेजी भाषालाई स्पष्ट रुपमा बुझ्न नसक्ने अवस्थासम्म माध्यम भाषाको रुपमा मात्र उपयोग गर्न सकेमा, बालबालिकाका लागि आवश्यक पर्ने स्वअध्ययन र उपलब्ध पाठ्य सामग्री समयमा नै बालबालिकाहरुलाई उपलब्ध गराई सामग्री निर्माण गर्न उपयोग गर्न सकेमा मात्र मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सकिने धारणा पाइएबाट मातृभाषाको पाठ्यक्रम भाषिक अधिकार स्थापित गर्न भाषा र लिपीको संरक्षण, सम्बर्द्धन र विकास गरी लोप हुन नदिनका लागि पाठ्यक्रममा समावेश गर्दा ऐच्छिक विषयको रुपमा लागू गर्नू अवश्यक देखिन्छ । बालबालिकाको सिकाइमा सहजीकरण गर्न मातृभाषालाई कुनै एक विषयको रुपमा नभई शिक्षण सिकाइको माध्यमको रुपमा उपयोग गर्न सके मातृभाषाको विद्यालयीय शिक्षामा प्रयोगको सार्थकता हुने देखियो ।

मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका विविध समस्यालाई समाधान गर्ने उपायहरु सुझाउने क्रममा खुल्ला अन्तरवार्ताबाट प्राप्त सूचना तथा तथ्यहरुलाई विश्लेषण गर्दा जिल्लामा संचालित प्राथमिक तहका विद्यालयरुबाट मातृभाषाको पाठ्यक्रम लागू गर्न माग भए बमोजिम तुरुन्त सहमति दिनको सट्टा सम्बन्धित विद्यालयमा रहेका बालबालिकाको जातिगत विवरण स्थलगत रुपमा अध्ययन गरी एउटा कक्षामा ८०% भन्दा बढि एउटा भाषा बोल्ने बालबालिका भएको कक्षामा मात्रै तिनीहरुको बोलचालको मातृभाषाको पाठ्यक्रम लागू गर्न अनुमति प्रदान गर्नुपर्ने, राष्ट्रिय स्तरमा पाठ्यक्रम निर्माण भई पाठ्यपुस्तक उत्पादन भएका मातृभाषाका विषयमा भने समयमा नै पाठ्यपुस्तक विद्यार्थीहरुलाई उपलब्ध गराउनुपर्ने, राष्ट्रिय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक उत्पादन नभएका मातृभाषाको हकमा एउटै मातृभाषा पढाउन अनुमति लिएका विद्यालय सम्बन्धित पाठ्यक्रम निर्माणको जिम्मेवारी भएका प्र.अ., विषय शिक्षक, अभिभावक प्रतिनिधिहरुलाई जिल्ला पाठ्यक्रम समन्वय समितिको सह-कार्यमा विज्ञहरुका समेत टोली बनाई पाठ्क्रम

तर्जुमा गर्नेपर्ने र पाठ्यपुस्तक तयार  पार्नुपर्ने जसले गर्दा पाठ्यक्रमको अभावमा के कति शिक्षण गर्ने भन्ने बारमो अल्मलिएका शिक्षक तथा पाठ्य सामग्रीको अभावमा स्व अध्ययन गर्न नसकेका बालबालिकाहरुले पढ्न पाउने अवसर सिर्जना गर्नुपर्ने, लिपी नभएका भाषाको हकमा पाठ्क्रम र पाठ्यपुस्तक उत्पादन गर्दा राष्ट्रिय मान्यताप्राप्त साझा भाषाको लिपीको प्रयोग गरेर भएपनि पाठ्यक्रम पाठ्य सामग्री निर्माण गर्नुपर्ने, एउटा कक्षामा एउटा लिपी र भाषाभन्दा बढि लिपी र भाषामा पढ्नु पर्दा बालबालिकाहरुमा पर्न जाने बोझलाई कम गर्न र अल्पसंख्यक बालबालिकाहरुले अरु जातिको मातृभाषामा भन्दा आ-आफ्नै मातृभाषामा पढ्न नपाएपछि अन्तराष्ट्रिय भाषा वा राष्ट्रिय मान्यताप्राप्त माध्यम भाषामानै पठनपाठन गर्न पाउनु पर्ने व्यवस्था विद्यालयले मिलाउनु पर्ने, शिक्षकहरुलाई पर्याप्त तालिम दिई बहुभाषिक शिक्षकको रुपमा दक्ष बनाउनु पर्ने, मातृभाषालाई विषयको रुपमा नभई माध्यम भाषाको रुपमा मात्र शिक्षण सिकाईको सिकाई उपयोग  गर्नुपर्ने, एउटा मातृभाषाको पाठ्यक्रम लागू गर्ने भए यो विषयलाई अनिवार्य गर्नु नहुने सुझावहरु प्राप्त भएबाट मातृभाषाको पाठ्यक्रम लागू गर्नुपर्ने अवस्था आएमा विषयको रुपमा भन्दा पहिलो भाषाको रुपमा बालबालिकाले बोलचालमा प्रयोग गर्ने भाषालाई कक्षाकोठामा माध्यम भाषाको रुपमा उपयोग गर्न हुने तथ्यलाई नकार्न सकिदैंन ।

अध्ययनलाई प्रभावकारी र उपलब्धी मूलक बनाउन मातृभाषाको पाठ्यक्रम लागू गर्दा छनौटमा परेका विद्यालयका कक्षाकोठा अवलोकन गरी अध्ययनकर्ताले प्राप्त गरेका तथ्यहरुलाई विश्लेषण गर्दा केही विद्यालयका कक्षाकोठामा बालबालिकाको लागि पाठ्यसामग्री उपलब्ध भएको,  केही विद्यालयको कक्षा अवलोकनको आधारमा शिक्षकको लागि विषय सूचीको मात्र प्रयोग नगरी पाठ्यक्रम तयार पारेर सम्बन्धित निकायबाट स्वीकृत प्राप्त गरी प्रयोग गरिएको देखिन्छ । केही विद्यालयमा पाठ्यपुस्तक उपलब्ध भएको भएका पाठ्य सामग्रीलाई उपयोगमा ल्याउन विद्यार्थीलाई उत्प्रेरित गर्न नसकेबाट प्राथमिक तहमा लागू गरिएका विषयहरुमा प्रयुक्त लिपिको विविधताले विद्यार्थीहरु अलमलमा परेको हुन सक्ने पाइएबाट मातृभाषालाई माध्यम भाषाको  रुपमा उपयोग गर्न उपयुक्त हुने देखिन्छ । कक्षा कोठामा प्रयोगमा ल्याइएको मातृाभाषा शिक्षण सिकाईको क्रममा सम्बन्धित मातृभाषि बालबालिकाहरु उत्साहि भई सहभागीतामा सक्रिय रहेको पाइएपनि अन्य मातृभाषी बालबालिकाहरु भाषाको अज्ञानताले अल्मलिएबाट सबै मातृभाषी बालबाकिलाहरुलाई उनीहरुले आ-आफ्नो मातृभाषामा शिक्षा दिने व्यवस्था गर्न सकेमा

यसको प्रभावकारीता हुने देखिन्छ। एक मात्र मातृभाषाको शिक्षण गर्ने हो भने मातृभाषालाई ऐच्छिक विषयको रुपमा लागू गर्नु राम्रो हुन्छ । मातृभाषाको शिक्षकहरुसँग सम्बन्धित भाषिक ज्ञानको अपर्याप्तालाई हटाउन छुट्टै भाषा शिक्षकको व्यवस्था नभएमा मातृभाषाको शिक्षकहरुलाई पर्याप्त तालिम शैक्षिक सामग्री र समय समयमा पूनरताजगि तालिम दिन सकेको खण्डमा मात्र कक्षा शिक्षणमा सुधार भई उपलब्धि हासिल गर्न सक्ने पाइयो ।

# परिच्छेद-पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

स्थानीय स्तरमा बोलचालमा प्रयोग हुँदै आइरहेको मातृभाषालाई औपचारिक शिक्षामा उपयोगमा ल्याउनु पर्ने संबैधानिक र नीतिगत व्यवस्था मातृभाषा मात्र बोलचालमा प्रयोग गर्ने परिवारबाट लागि विद्यालय आएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्नुका साथै भाषा र लिपीको संरक्षण सम्वर्द्धन र विकास गर्नु पर्ने आवश्यकतालाई समेत मध्यनजरमा राखी विद्यालयीय शिक्षाको शुरुको तह अर्थात प्राथामिक तहमा मातृभाषाको पाठ्यक्रमको आवश्यकता महसुस गरी यस जिल्लाका विभिन्न विद्यालयहरुमा विभिन्न मातृभाषामा बालबालिकालाई शिक्षा दिईदै आइरहेको पाइएको छ। मातृभाषामा शिक्षण गर्दा गुणस्तरीय शिक्षामा कस्तो प्रभाव परेको छ र वास्तवमै शिक्षण सिकाइलाई प्रभावकारी बनाउन मातृभाषाको पाठ्यक्रमको कार्यान्वयन आवश्यक छ भन्ने सन्दर्भमा यस अध्ययनको क्रममा फरक फरक मातृभाषाको पाठ्यक्रम कार्यान्वयन भइरहेका ८ वटा विद्यालयहरुमा अध्ययन गर्दा पाइएका कुराहरुलाई यहाँ प्रस्तुत गरिएको छ । सोहि प्राप्तिका आधारमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका कुराहरुको निष्कर्ष तथा मातृभाषाको पाठ्यक्रम कार्यान्वनयमा देखिएका समस्याहरुलाई समाधान गर्न अवलम्वन गर्न उपयुक्त हुने सुझावहरु समेत प्रस्तुत गरिएको छ।

### ५.१ प्राप्ति

प्राथमिक तहमा मातृभाषाको पाठ्यक्रम लागू गर्ने नीतिगत व्यवस्था भए पश्चात् यस जिल्लामा बोलिने मातृभाषाहरु मध्ये लिम्बू भाषा, राई बान्तवा भाषा, तामाङ्ग भाषा, लेप्चा भाषा, सुनुवार भाषा, मगर भाषा, शेर्पा भाषाका पाठ्यक्रमहरु लागू गरी शिक्षण सिकाइमा उपयोग हुँदै आएको कुरा अध्ययनको क्रममा पाइएको छ। कतिपय विद्यालयहरुले एक पटकमा मातृभाषामा शिक्षा दिने अभिप्रायले अनुमति लिएर पठनपाठन शुरु गरेतापनि पाठ्यक्रम, पाठ्यपुस्तक, दक्ष भाषा शिक्षणको अभाव तथा एउटै कक्षमा फरक फरक मातृभाषी बालबालिकाहरुको उपस्थितिमा एउटा मात्र मातृभाषाको प्रयोग गर्दा अन्य मातृभाषी बालबालिकाहरुलाई कठिनाई भएको महसुस गरी मातृभाषाको पाठ्यक्रम कार्यान्वयनलाई निरन्तरता दिन नसकेको पाइयो । कतिपय विद्यालयहरुले मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्न अनुमति लिएका तर पाठ्यक्रम निर्माण गरी पाठ्यसामग्री तयार

पार्न विज्ञता र स्रोत साधनको अभावमा कक्षाकोठाभित्र विना तयारी विषय शिक्षकले सामान्य रुपमा मातृभाषाको प्रयोग गरेर मातृभाषामा शिक्षाको औपचारिकता मात्र पूरा गरेको पाइएको छ । मातृभाषालाई सांस्कृतिक सम्पत्तिको रुपमा संरक्षण गर्न र मातृभाषाको प्रयोगलाई अझ बढावा दिन केहि राष्ट्रिय स्तरमा प्रकाशित पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन गरिएका विद्यालयहरुमा राष्ट्रिय स्तरमा पाठ्यक्रम तथा पाठ्य पुस्तक प्रकाशन नभएका मातृभाषामा शिक्षण गर्ने विद्यालयहरुको भन्दा अपेक्षाकृत प्रभावकारी देखिएको छ ।

विद्यालयको सेवाक्षेत्रभित्र जुन मातृभाषाको बाहुल्यता रहेको छ, त्यस मातृभाषाको पाठ्यक्रमलाई विद्यालयमा लागू गर्न सम्बन्धित मातृभाषी समुदायको उत्साह रहेको तर मातृभाषाको पाठ्यक्रम निर्माण गर्न समुदायको कुनै योगदान र चासो नरहेको पाइको छ । मातृभाषाको पाठ्यक्रम लागू गर्न समुदायको चासोमा अनुमति लिएतापनि पाठ्यसामग्री नभएका मातृभाषा शिक्षणका लागि पाठ्यक्रम बनाउन नसकेको विद्यालयहरुले स्वीकार गरेका छन् जसले गर्दा समुदाय र विद्यालयलाई मात्र पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्न जिम्मेवार बनाउने र जि.शि.का. बाट प्राविधिक र आर्थिक सहयोग उपलब्ध नगराउँदा मातृभाषाको पाठ्यक्रम कार्यान्वयन औपचारिकतामा मात्र सिमित रहेको पाइयो । वि.व्य.स. लाई जिम्मेवार बनाएको भएपनि वि.व्य.स. ले सम्बन्धित मातृभाषी शिक्षकलाई मात्र जिम्मेवार बनाएको सकृय बनाउन नसक्नु सरकारी निकायको कमजोरी भएकोले सरोकारवालाहरुले पाठ्यक्रम निर्माणमा खेल्नु पर्ने भूमिका खेल्न नसकेको पाइयो ।

एउटा विद्यालयमा कुनै एक मातृभाषी समुदायका विद्यार्थीहरु बढि भएकै कारण बहुसंख्यकले बोल्ने मातृभाषाको मात्र पाठ्यक्रम लागू गर्ने गरिएको पाइएबाट अन्य मातृभाषी समुदायका बालबालिकाहरुले आफ्नो इच्छा र रुची बेगर अन्य मातृभाषामा शिक्षा लिनुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो जसले गर्दा सबै बालबालिकाहरुको भाषिक अधिकार सम्बोधन हुन सकेको पाईदैन । यसरी अन्य मातृभाषामा शिक्षा लिनु उनीहरुको बाध्यता बनाउँदा सिकाइ उपलब्धीमा समेत नकारात्मक असर परेको देखियो । किनकी एउटा विद्यार्थीले एकै कक्षामा बसेर एक भन्दा बढि भाषा सिक्नुपर्ने र सँगसँगै सिकाइलाई अघि बढाउनु पर्ने भएकाले यो अवस्था आएको पाइयो । मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्दा मानवीय स्रोत व्यवस्थपन तर्फ गम्भीरता पूर्वक नसोचिएको, मातृभाषाको पाठ्यक्रम कायान्र्यन गर्ने नीतिगत व्यवस्था गरिएता पनि मानवीय स्रोत व्यवस्थपन गर्न नसक्ने फितलो नीति ल्याउनु आफैंमा कमजोर व्यवस्थापन रहेको पाइयो जसले गर्दा मातृभाषा

शिक्षणका लागि छुट्टै दरबन्दी नभएको र उपलब्ध दरबन्दीमा रहेका मध्ये जुन मातृभाषी शिक्षक उपलब्ध छन्, त्यहि भाषाको पाठ्यक्रम विद्यायले लागू गरेको देखियो । यस्ता मातृभाषी शिक्षकहरुका लागि भाषा र लिपी सम्बन्धित पर्याप्त तालिमको व्यवस्था नभएकाले भाषाको बारेमा शिक्षकहरुलाई खासै समस्या नभए पनि लिपी सम्बन्धी पर्याप्त ज्ञान नहुँदा शिक्षणमा समस्या रहेको पाइएको छ । मातृभाषाको पाठ्यक्रम लागू गरेका विद्यालयहरुमा विद्यार्थी संख्याको न्यूनताका कारण दरबन्दी मिलान गर्दा मातृभाषी शिक्षकहरुको अन्यत्रै व्यवस्थापन हुनु सक्ने जोखिमममा यस्ता विद्यालयहरु त्रसीत हुने गरेबाट मातृभाषामा शिक्षा दिने विद्यालयहरु समेतले नयाँ भर्ना लिदै गएका कक्षा १ बाट मातृभाषाको पाठ्यक्रममा शिक्षा दिन छोड्न थालेको पाइयो । प्रत्येक बर्ष नयाँ भर्ना हुन आउने विद्यार्थीहरु विद्यालयमा लागू गरिएको मातृभाषा बोल्ने बालबालिका नहुने भएकोले समेत यो अप्ठ्यारोसँग जुध्न ती विद्यालयहरु बाध्य देखिएका छन् । जसले गर्दा एक मात्र मातृभाषको पाठ्यक्रम लागू गर्दा र एक मात्र मातृभाषाको शिक्षक व्यवस्था गर्दा विद्यलायहरुलाई मातृभाषाको पाठ्यक्रम कार्यान्वनय गर्न समस्या रहेको पाइयो ।

वर्तमान सन्दर्भमा जहाँ एक Think Globally, act locally को सोच आइरहेको छ भने अर्को तर्फ विश्वव्यापीकरणको लहरले अंग्रेजी भाषाप्रतिको मोह त्यत्तिकै बढ्दै गैरहेको छ । प्रत्येक अभिभावकहरु सकेसम्म आफ्ना बालबालिकाहरुलाई अंग्रेजी भाषाको माध्यमबाट शिक्षा दिन लालायिन देखिन्छ । आफ्नो मातृभाषाको संमृद्धि भन्दा अंग्रेजी भाषामा आफ्ना बालबालिका पोख्त हुन् भन्ने अभिभावकहरुको अभिप्राय मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा थप चुनौति थपिएको कुरालाई अध्ययनको क्रममा नजरअन्दाज गर्न सकिएको छैन ।

मातृभाषाको पाठ्यक्रम कार्यान्यन गर्न अनुमूति पाएका विद्यालयहरुले मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गरे नगरेको सम्बन्धित मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण तथा व्यवस्थापन गरेका छन् छैनन् भन्ने सम्बन्धमा नियामक निकायमा समय समयमा अनुगमन, सुपरिवेक्षण हुने गरेको नपाइएबाट मातृभाषाको पाठ्यक्रम कार्यान्वनलाई प्रभावकारी बनाउन सकिएको देखिदैंन ।

यस जिल्लामा बोलचालमा प्रयोग हुँद आएका मातृभाषहरुमधये केहि भाषाहरु परम्परामा विकास नभएका कारण पाठ्य पुस्तक लेखनमा समस्या रहेको पाइयो ।

पाठ्यसामग्रीको अभावमा कक्षाकोठामा मात्र सिकाइएका कुराहरुलाई विद्यार्थीहरुले मूल्याङ्कनको लागि संचालन हुने परीक्षामा कुनै तयारी गर्न नपाएकाले सिकाइ उपलब्धिमा असर परेको पाइयो ।

स्थानीय तहमा विशेष गरी स्थानीय स्तरमा पाठ्यक्रम निर्माण र कार्यान्वयका लागि कुनै संस्थागत संयन्त्रको निर्माण नहुनुले पनि मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयनमा समस्या रहेको पाइयो । यसरी हेर्दा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था खासै प्रभावकारी हुन नसकेको देखियो ।

## ५.२ निष्कर्ष

अध्ययनको लागि छनौट गरिएका विद्यालयहरुमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन क्षेत्रको विश्लेषण र हात लागेका उपलब्धिहरुका आधारमा अध्ययनकर्ताद्वारा निम्नलिखित निष्कर्ष निकालिएको छ , जसअनुसार स्थानीय स्तरको आवश्कयतालाई आधार बनाएर सम्बन्धित विद्यालयले नै मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुको सट्टा उत्पादित सामग्रीलाई नै उपयोगमा ल्याउँदा स्थानीय आवश्यकताको सम्वोधन नहुने भएकोले विद्यालयले आफैं पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने देखिन्छ ।

- राज्यले स्थानीय मातृभाषी समूदायको भाषिक अधिकारलाई सुनिश्चित गर्न प्राथमिक तहमा मातृभाषामा शिक्षा दिने व्यवस्था गरेपनि सबै मातृभाषाको पाठ्यक्रम उत्पादन नगरेकोले स्थानीय स्तरमा नै पाठ्यक्रम निर्माण गर्नु परेको अवस्थामा विद्यालयलाई मात्र जिम्मेवार बनाई पाठ्यक्रम निर्माण र उत्पादनमा बजेटको छुट्टै व्यवस्था नगरेबाट पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनका लागि आर्थिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ । मातृभाषाको पाठ्यक्रममा सरोकारावलाहरुको चासो र योगदान बढाउन सरोकारवालाहरुमा उनीहरुको दायित्वबोध गराउनु पर्ने किसिमका कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- मातृभाषाको पाठ्यक्रम कक्षा कोठासम्म पुऱ्याउने दायित्व शिक्षकको हो । तसर्थ मातृभाषाको शिक्षकको छुट्टै दरबन्दीको व्यवस्था नगरिएकेले विद्यालयमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएको समस्यालाई निराकरण गर्न मातृभाषाको

पाठ्यक्रम लागू गर्न चाहाने विद्यालयका लागि छुट्टै शिक्षक दरबन्दी दिने प्रावधान ल्याउनु पर्ने देखिन्छ ।

- विद्यालयको एउटा कक्षाकोठा भित्र फरक फरक मातृभाषी समुदायका बालबालिकाहरु पढ्न आउने र एउटा विद्यालयका फरक फरक कक्षामा विद्यालयले लागू गरेको मातृभाषी समुदायका बालबालिकाहरुको बाहुल्यता नहुने अवस्थामा एक मात्र मातृभाषाको पाठ्यक्रम लागू गर्नु बालबालिकाको भाषिक अधिकारको उपेक्षा मात्र नभई बालबालिकाको सिकाइ अभिरुचिलाई  मातृभाषामा शिक्षा दिनका लागि गरिएको नीतिगत व्यवस्थामा रहेको त्रुटिलाई सच्याउनु पर्ने देखिन्छ ।
- विद्यालयले मातृभाषाको पाठ्यक्रम लागू गर्नुपर्ने पूर्वसर्तको रुपमा मातृभाषाको पाठ्यक्रम तथा बालबालिकाका लागि पर्याप्त पाठ्य सामग्री तयार पारेको आधारमा मात्र अनुमति दिने व्यवस्था नभएकाले मातृभाषाको पाठ्यक्रम लागू गर्न अनुमति लिएका विद्यालयहरुले मातृभाषाको पाठ्यक्रम निर्माण नै नगरी पाठ्यक्रमका आधारभूत तत्वहरुलाई समेत ध्यान नदिई आफू खुसी शिक्षण गर्ने परम्परालाई अन्त्य गर्न प्राथमिक तहका विभिन्न कक्षाका बालबालिकाहरुको स्तर र आवश्यकताको आधारमा पाठ्यक्रम निर्माण गर्नुपर्ने बाध्यतात्मक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- यद्धपि कतिपय मातृभाषी समुदाय जहाँ दोस्रो भाषाको प्रयोग बोलचालमा रहेको छैन, त्यस्ता समुदायका बालबालिकाहरुको यथेष्ठ उपस्थिति भएका विद्यालयहरुमा भने मातृभाषामा शिक्षा दिँदा बालबालिकाहरुलाई सिकाइमा धेरै सहजता भएको देखिएता पनि मातृभाषा बाहेक दोस्रो भाषा बोलचालमा प्रयोगमा ल्याइसकेका मातृभाषी समुदायका बालबालिका तथा अन्य मातृभाषी समुदायका बालबालिकाका लागि भने कुनै एक मातृभाषाको पाठ्यक्रम लागू गर्दा असहजता भएको पाइन्छ ।
- बर्तमान परिप्रेक्षमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुमा विशेष गरी प्राथमिक शिक्षाका लागि विद्यार्थीहरु लैजाने क्रम बढ्नुमा अंग्रेजी भाषाप्रतिको आकर्षण नै हो भन्ने कुरा सर्वस्वीकार्य भइसकेको अवस्थामा प्राय: सबै प्राथमिक विद्यालयहरुमा अंग्रेजी भाषाको माध्यमबाट शिक्षा दिइनुपर्ने अभिभावकरुको मागलाई दृष्टिगत गर्दा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनलाई सबैले सहजरुपमा

स्वीकार गर्न नसकेको सत्य अध्ययनको क्रममा अध्ययनकर्ता सामु स्पष्ट रुपमा देखिएको छ ।

- मातृभाषाको पाठ्यक्रमलाई प्राथमिक तहमा मात्र सिमित बनाउनु र त्यसलाई विद्यालयीय शिक्षाको उच्च तहमा निरन्तरता नदिइनुले पनि मातृभाषाको पाठ्यक्रम कार्यान्वनयमा समस्या उत्पन्न भएको पाइन्छ ।
- समग्रमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा मातृभाषाको पाठ्यक्रम जसकालागि ल्याइएको हो, उनीहरुका लागि सिकाइमा सहजता ल्याउनुको सट्टा बोझको अनुभूति गराउन उद्दत रहेको पाइएबाट मातृभाषाका पाठ्यक्रम लागू गराउन भाषा, लिपीको संरक्षण, र विसाकमा सम्बर्द्धन र विकासमा चासो देखाउनेहरुको रहर मात्र सिमित बन्न पुगेको निष्कर्षमा पुग्न सकिन्छ ।

## ५.३ सुझाव

- प्रस्तुत अध्ययनको विषयसँग सम्बन्धित भई सूचना र तथ्यहरुको व्याख्या र विश्लेषणका आधारमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरुलाई कम गरी सुधार गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको छ
- प्राथमिक तहका मातृभाषी समुदायका बालबालिकाहरुलाई आ-आफ्नो मातृभाषामा शिक्षा दिन सकिने प्रावधान अनुरुप मातृभाषाको पाठ्यक्रम लागू गर्दा कक्षाकोठामा रहेका बहुसंख्यक बालबालिकाको भाषालाई मात्र प्राथमिकता नदिइकन प्रत्येक मातृभाषी बालबालिकाका लागि आ-आफ्नो मातृभाषामा पढ्न पाउने गरी बहुभाषीक पाठ्यक्रम लागू गरिनुपर्दछ ।
- मातृभाषामा शिक्षा दिन विद्यालयको मागको आधारमा अनुमति दिने तर शिक्षकको व्यवस्था नगर्ने सरकारी नीतिका कारण देखिएको समस्यालाई हटाउन मातृभाषाको पाठ्यक्रम लागू गर्न चाहाने विद्यालयका लागि मातृभाषा शिक्षणका लागि छुट्टै शिक्षक दरबन्दीको व्यवस्था गर्ने नीति ल्याइनु पर्दछ । यस्ता शिक्षकहरुलाई एक भाषाको मात्रै नभई सम्बन्धित विद्यालयको सेवाक्षेत्र भित्रका बोलचालमा रहेका मातृभाषा सम्बन्धि तालिम दिई शिक्षकलाई बहुभाषी शिक्षकको रुपमा विकसा गरिनुपर्दछ ।

- मातृभाषाको पाठ्यक्रम लागू गर्न चाहाने विद्यालयहरुले आफै मातृभाषाका पाठ्यक्रम निर्माण विकास र व्यवस्थापन गर्नुपरेका कारण पाठ्यक्रम नै निर्माण नगरी शिक्षण सिकाइ गरिरहेकोले बालबालिकाहरुको प्रत्येक कक्षामा के कति सिकाइ उपलब्धी हासिल गर्नुपर्ने हो, सो को निर्धारण नहुने भएकाले साथै एउटै मातृभाषाको पाठ्यक्रम लागू गरेका विद्यालयहरुबीचमा समानता नहुने अवस्थालाई अन्त्य गर्न सरोकारवालाहरुको सहभागितामा जि.शि.का. अन्तर्गत रहने जिल्ला पाठ्यक्रम समन्वय समितिको प्राविधिक सहयोग र निगरानीमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनुपर्दछ । यसरी निर्माण गरिने पाठ्यक्रमका लागि आवश्यक पर्ने लागतको निम्ति सरकारले बजेको निकाशा गरिनुपर्दछ ।
- बर्तमान अवस्थामा विश्वव्यापीकरणको प्रभावका कारण अंग्रेजी भाषाप्रतिको बढ्दो मौहले अंग्रेजी माध्यममा शिक्षा दिने संस्थागत विद्यालयहरुमा बढ्दै गएको आकर्षण, अधिकांश मातृभाषी अभिभावकहरुको बालबालिकाहरुलई अंग्रेजी भाषामा पोख्त बनाउने लालसा, फरक फरक मातृभाषी बालबालिकालाई बहुसंख्यकले बोल्ने र उपलब्ध शिक्षकले शिक्षण गर्न सक्ने अरुको मातृभाषा पढ्नै पर्ने बाध्यता एउटा बालबालिकाले एकै समयमा एउटै कक्षामा दुई भन्दा बढि भाषामा पढ्नुपर्ने अवस्थालाई अन्त्य गरी शिक्षाको माध्यम भाषामा एकरुपता लाउन र सामुदायिक विद्यलायप्रति आकर्षण बढाई शिक्षा माथिको लगानीर्लाइ सार्थक बनाउन प्राथमिक तहको शिक्षाको माध्यमको रुपमा अंग्रेजी भाषालाई प्राथमिकता दिइनुपर्दछ ।
- प्राथमिक तहमा मात्र मातृभाषमा शिक्षा दिनका लागि कुनै एक मातृभाषा छनौट गरी विषयको रुपमा मातृभाषाको पाठ्यक्रम लागू गर्नुको सट्टा प्राथमिक तहको शुरुको कक्षामा भर्ना हुन आउने मातृभाषी बालबालिकाहरुलाई सिकाइमा सहजीकरण गर्न मातृभाषालाई विषयको रुपमा नभई शिक्षण सिकाइको माध्यमको रुपमा मात्र उपभोग गरिनुपर्दछ । हाल नेपालमा बहुभाषि शिक्षा (MLE) कार्यक्रम लागू गरिएतापनि जुन उद्देश्यका साथ यो कार्यक्रम ल्याइएको हो, सो अनुरुप कार्यान्वयनमा ल्याउनु पर्ने तत्काल आवश्यकता देखिएकाले यसलाई कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

प्राथमिक तहमा मात्र मातृभाषाको पाठ्यक्रम लागू गर्न सकिने नितिगत व्यवस्था रहेबाट मातृभाषाको पाठ्यक्रमको निरन्तरता नहुने र प्राथमिक तहका बालबालिकाहरुको औपचारिक शिक्षामा देखिएको बहुभाषाको प्रयोगले बालबालिकाहरु अल्मलिने र सिकाइ उपलब्धीमा असर पर्ने कुरालाई दृष्टिगत गर्दै मातृभाषालाई प्राथमिक तहमा माध्यम भाषाका रुपमा र माध्यमकि तहमा ऐच्छिक विषयको रुपमा व्यवस्थापन गर्न सकेमा भाषा र लिपीको संरक्षण, सम्बर्द्धन र विकासमा चासो राख्न सक्ने उमेरका बालबालिकाहरुले आफ्नो रुची अनुरुप छनौट गरेर पढ्न सक्ने गरी शिक्षाको नीतिगत व्यवस्था गरिनुपर्दछ ।

## सन्दर्भ सूची

उपाध्याय, अशोक भक्त (२०६५), *शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या,* काठमाडौंः शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल, किर्तिपुर ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनलाइट पब्लिकेशन राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५० किर्तिपुर ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

ज.व.रा., स्व्यं प्रकाश (२०५९), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौंः विद्यार्थी पुस्तक बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ भण्डार, भोटाहिटी ।

तामाङ्ग, शेरबहादुर (२०६७) *स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग एक अध्ययनः* सुकुना बहुमुखी क्याम्पस

नेपालको अन्तरिम संविधान (२०६३), नेपाल कानुन पुस्तक प्रकाशन ।

प्राथमिक शिक्षा पाठ्यक्रम, (२०६५), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६८ परीक्षण ।

वराल, खगराज (२०६६) स्थानीय पाठ्यक्रमको व्यवहारिक प्रयोगः समस्या र समाधान, भक्तपुरः शिक्षा जगतको बार्षिक पत्रिका शिक्षा, पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

समुदायद्धारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका (२०५९), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामग्री, (२०६५) भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

सिन्हा, रामस्वरुप (.२०६३) *एक्काइसौं शताब्दिको शैक्षिक दूरदृष्टि*

सिन्हा, रामस्वरुप (२००४) *शैक्षिक न्यायः मुद्दा र चुनौती,* शैक्षिक ज्योति प्रकाशन थापाथली, काठमाडौं ।

Vygotsky,L (1962) Thought and Language, Cambridge, MA: Mit press

Vygotsky ,L.S.(1978) Mind and Society: The development of Higher Mental process , Cambridge, MA Hardvard University Press.

## अनुसूची-१

## जिल्ला शिक्षा अधिकारीका लागि खुल्ला प्रश्नावली

जि.शि.का. को नामः-

जि.शि.का. इलाम

१. क) तपाईको जिल्लामा कुन कुन मातृभाषा प्रचलनमा रहेको छ ?

ख) तपाईंको जिल्लामा कुन कुन मातृभाषाको पाठ्यक्रम लागू भएको छ ?

ग) तपाईको जिल्लामा कुन कुन विद्यालयमा मातृभाषाको पाठ्यक्रम लागू भएको छ ?

२. तपाईको जिल्लामा कुन कुन मातृभाषा शिक्षणको  अवस्था कस्तो छ ?

३. मातृभाषाको पाठ्यक्रम लागू गर्नु कत्तिको आवश्यक ठान्नु भएको छ ? शिक्षण सिकाइमा यसको के महत्व छ ?

४. मातृभाषाको पाठ्यक्रम लागू गर्नु कतिको आवश्यक ठान्नु भएको छ ? शिक्षण सिकाइमा यसको के महत्व छ ?

क. वर्तमान नीतिगत व्यवस्था र त्यसको कार्यान्वयनको अवस्था

ख. मातृभाषाको पाठ्यक्रम निर्माणका लागि जिल्लामा अवलम्बन गरिएका कार्यक्रमहरु

ग. मातृभाषाको पाठ्यपुस्तक उपलब्धता र प्रयोग

घ. मातृभाषाको पाठ्य सामग्रीहरुको निर्माण, वितरण र प्रयोगको अवस्था

ङ. मातृभाषामा शिक्षणका लागि शिक्षकको व्यवस्था र मौजुदा व्यवस्थापन

च. मातृभाषामा शिक्षणका लागि जि.शि.का. ले खेल्नु पर्ने भूमिका

५. मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका चुनौति र समस्याहरु के के हुन् जस्तो लाग्दछ ?

६. मातृभाषाको पाठ्यक्रममा देखिएका चुनौति तथा समस्याहरु समाधान गर्न के कस्ता सुधारका उपायहरु अवलम्बन गर्नुपर्ला ?

# अनुसूची-२

जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्यहरुका लाीग अन्तरवार्ताका प्रश्नहरुः-

तपाई जिल्ला पाठ्क्रम समन्वयन समितिको सदस्य हुनुभएको कति भयो ?

तपाईको जिल्लामा प्रचलनमा रहेका मातृभाषाहरु कुन कुन छन् ?

तपाईको जिल्लामा कुन कुन विद्यालयहरुले कुन कुन मातृभाषाको पाठ्यक्रम लागू गरेका छन् ?

मातृभाषामा शिक्षणको कत्तिको आवश्यकता ठान्नु भएको छ ? शिक्षण सिकाइमा यसको के महत्व ठान्नुहुन्छ ?

मातृभाषाको पाठ्यक्रम कसरी निर्माण गर्ने गरिएको छ ?

मातृभाषाको पाठ्यक्रम निर्माण र व्यवस्थापनमा जिल्ला पाठ्.यक्रम समन्वय समितिले के के सहयोग पुऱ्याउँदै आएको छ र कस्तो भूमिका खेलिरहेको छ ?

कुन कुन विद्यालयहरुले मातृभाषाको पाठ्यक्रम निर्माण गर्न तपाईहरुसँग के कस्ता सहयोगहरु माग गर्ने गरेको छ ?

मातृभाषा शिक्षणका लागि शिक्षकको व्यवस्थापन कसरी गर्ने गरिएको छ ?

समितिले मातृभाषाको पाठ्यक्रम कार्यान्वयनका लागि व्यवस्थापन गर्न थप के के गर्न सक्ला ?

मातृभाषाको पाठ्यक्रम कार्यान्यनको अवस्था कस्तो रहेको पाउनु भएको छ ?

मातृभाषाको पाठ्यक्रम कार्यान्वनमा देखिएका समस्याहरु के के होलान् ?

मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुलाई समाधान गर्न के गर्नुपर्ला ?

अनूसुची ३

वि.व्य.स. अध्यक्षहरुका लागि खुल्ला प्रश्नावली

नाम:

पद:

१. तपाईको विद्यँलयको सेवाक्षेत्रभित्र कुन कुन मातृभाषा प्रचलित छन् ?

२. मातृभाषामा शिक्षा प्रदान ग र्नु कत्तिको आवश्यक मान्नु भएको छ ?

३. तपाईको विद्यालयमा शिक्षण गरिने मातृभाषाको छनौट कसरी गर्नु भएको छ ?

४. शिक्षण सिकाइमा मातृभाषाको के महत्व ठान्नु भएको छ ?

५. मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यान्वनयमा गरिएको बर्तमान नीतिगत व्यवस्था बारे तपाईंलाई के जानकारी छ ?

६. तपाईको विद्यालमया मातृभाषाको पाठ्यक्रम उपलब्धता वितरण र प्रयोग यसका लागि कहाँ कहाँबाट कस्तो सहयोग प्राप्त गर्नुभएको छ ?

७. तपार्यको विद्यलायमा मातृभाषा शिक्षणका लागि शिक्षकको व्यवस्थापन कसरी गर्नुभएको छ ?

८. तपाईको विद्यलयमा मातृभाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

९. तपाईको विद्यालयमा मातृभाषाको पाठ्क्रम कार्यानवयनमा के कसता कठिनाइहरु अपाएका छन् ?

१०. मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरुलाई समाधान गर्न के सुझाव दिनुहुन्छ ?

११. विद्यार्थीहरुकालागि पाठ्यपुस्तक तथा पाठ्य सामग्रीको व्यवस्था कसरी गर्नुभएको छ ?

१२. पाठ्यक्रम निर्माणमा वि.व्य.स./प्र.अ.को भूमिका कस्तो रह्यो ?

## अनूसुची ४

अभिभावकहरुका लागि अन्तरवार्ताका प्रश्नहरु

१. तपाईको परिचय ?

२. तपाईको समुदायमा कुन कुन मातृभाषाहरु बोलिन्छन् ?

३. तपाईका मातृभाषा कुन हो ?

४. तपाईका छोराछोरीहरुले कुन मातृभाषा पढ्छन् ?

५. विद्यालयमा पढाइने मातृभाषाको विषय छनौट गर्दा तपाईलाई सहभागी गराइएको थियो ?

६. तपाईका छोराछोरीहरुको विद्यालयमा पढाइने मातृभाषा शिक्षणमा कत्तिको रुचि रहेको पाउनु भएको छ ?

७. मातृभाषाको पाठ्यक्रम निर्माणमा तपाईले के के भूमिका खेल्नुभएको ?

८. मातृभाषामा शिक्षा दिनु कत्तिको आवश्यक ठान्नुभएको छ ?

९. मातृभाषामा शिक्षण दिँदा बालबालिकाको सिकाईमा कस्तो प्रभाव परेको छ ? तपाईका छोराछोरीहरुलाई मातृभाषाको पाठ्यपुस्तक उपलब्ध गराइएको छ कि छैन ?

१०. मातृभाषामा शिक्षा दिँदा के कस्ता समस्याहरु पाउनु भएको छ ? ती समस्याहरुलाई समाधान गर्न के गर्नुपर्ला भन्ने ठान्नु भएको छ ?

## अनूसुची ५

## मातृभाषा विषयका शिक्षकहरुको लागि खुल्ला प्रश्नावली

नाम:

विद्यालय

शिक्षण गर्ने मातृभाषा

१. तपाईको विद्यलायको सेवा क्षेत्रमा कुन कुन मातृभाषा प्रचलित रहेका छन् ?

२. तपार्यको विद्यलामया कुन मातृभाषाको पाठ्यक्रम लागू गरिनेछ ?

३. तपाईको विद्यलामया मातृभाषा शिक्षणको अवस्था कस्तो छ ?

४. मातृभाषाको पाठ्यक्रम लागू गर्नु कत्तिको आवश्यक ठान्नु भएको छ ? शिक्षण सिकाइमा यसको के कस्तो सहयोग पुऱ्याए जस्तो लाग्छ ?

५. तपाईको विद्यालयमा शिक्षणका लागि मातृभाषाको छनौट कसरी गरिएको छ ?

६. मातृभाषाको पाठ्यक्रम सम्बन्धित निम्न कुरामा के कस्तो व्यवस्था छ ?

   क) पाठ्यक्रम निर्माण व्यवस्थापन कार्यानवयन सम्बन्धी नीतिगत व्यवस्था

   ख) मातृभाषाको पाठ्यक्रम निर्माण र व्यवस्थापनका लागि जिल्ला तथा विद्यालयले अवलम्बन गरेका प्रयासहरु र विद्यालय तथा शिक्षकको जिम्मेवारी

   ग) मातृभाषाको पाठ्यपुस्तक, पाठ्यसामग्रीको निर्माण उपलब्धता वितरण र प्रयोगको अवस्था

   घ) मातृभाषा शिक्षणका लागि शिक्षकको व्यवस्थापन

   ङ) मातृभाषाको पाठ्यक्रम निर्माणमा जि.शि.का. जि.पा.स. समिति, वि.व्य.स. र प्र.अ. को सहयोग र भूमिका

७. मातृभाषाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु के के होलान् ?

८. ती समस्याहरु समाधान गर्न के गर्नुपर्ला ?

अनूसुची ६

कक्षा अवलोकनका लागि कार्य विवरण

| विद्यालय | ठेगाना | कक्षा अवलोकन मिति |
|---|---|---|
| श्री हिमालय नि.मा.वि. | चिसापानी | २०६९/४/२३ |
| श्री देउराली प्रा.वि. | जितपुर | २०५६९/५/२ |
| श्री कालीका प्रा.वि. रक्से | रक्से | २०६९/५/४ |
| श्री महेन्द्रोदय प्रा.वि. | पशुपतिनगर | २०६९/६/५ |
| श्री सहबीर प्रा.वि. | शान्तिडाँडा | २०६९/५/२० |
| श्री अरनिको प्रा.वि. | रक्से | २०६९/५/१९ |
| श्री नवज्योति प्रा.वि. | कन्याम | २०६९/६/३ |

अनुसूची-७

छनौट परेका विद्यालयहरुको सूची र शिक्षण गरिने मातृभाषा

| | | | |
|---|---|---|---|
| १. | श्री हिमालय विद्यालय नि.मा.वि. | चिसापानी | तामाङ्ग |
| २. | श्री देउराली प्रा.वि. जीतपुर | जितपुर | मगर |
| ३. | श्री कालिका प्रा.वि. धुसेनी | धुसेनी | लिम्बू |
| ४. | श्री नबज्योति प्रा.वि. कन्याम | धुसेनी | लिम्बू |
| ५. | श्री महेन्द्रोदय प्रा.वि. | पशुपतिनगर | राई बान्तवा |
| ६. | सहवीर प्रा.वि. | पशुपतिनगर | सुनुवार |
| ७. | श्री अरनिको प्रा.वि. रक्से | चमैता | शेर्पा |

अनुसूची-८

छनौटमा परेका जिल्ला शिक्षा अधिकारी श्री महेन्द्र प्रसाद पौडेल/जि.शि.का. इलाम

अनसुची-९

छनौटमा परेका जिल्ला पाठ्यक्रम समन्वयन समितिका सदस्यहरु

| | |
|---|---|
| श्री किरण कुमार सुवेदी | सदस्य जि.पा.स.स. |
| श्री हरिप्रसाद लुइटेल | सदस्य जि.पा.स.स. |

## अनुसूची-१०

छनौटमा परेका विद्यलायका प्र.अ.हरुको सूची

| विद्यालय | | वि.व्य.स. अध्यनको नाम | प्र.अ. |
|---|---|---|---|
| १. | हिमालय नि.मा.वि. | धन बहादुर मगर | टिका प्रसाद सन्जेल |
| २. | देउराली प्रा.वि. धुसेनी | सन्त बहादुर लावती | भाष्कर पौडेल |
| ३. | कालिका प्रा.वि. कन्याम | बीर बहादुर लाप्चा | तुलसी थापा |
| ४. | महेन्द्रोदय प्रा.वि. शान्तिडाँडा | हर्क बहादुर राई | केशव मोक्तान |
| ५. | सहबीर प्रा.वि. शान्तिडाँडा | जीतबहादुर मुखिया | राम प्रसाद राई |
| ६. | अरनिको प्रा.वि. रक्से | याङ्की शेर्पा | रुपा राई |

## अनुसूची-११

छनौटमा परेका विद्यालयका मातृभाषाका शिक्षकको नामावली

| शिक्षकको नाम | |
|---|---|
| सुमित्रा तामाङ्ग | तामाङ्ग |
| रमेश राना | मगर |
| निरोज नोगु | लिम्बू |
| सन्तोष लाप्चा | लाप्चा |
| बीरमान राई | राई बान्तवा |
| मदन मुखिया | सुनुवार |
| मिङमालमू शेर्पा | शेर्पा |